# विधवा महिलाहरुले भोग्नु परेका समस्या र सामाजिक सम्बन्ध

(गोरखा जिल्ला अजिरकोट गा.पा. वडा नं. ०५ का महिलाहरुमा गरिएको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयको स्नातकोत्तर तहकोआंशिक आवश्यकता

परिपूर्ति गर्नका लागि प्रस्तुत गरिएको

शोधपत्र


प्रस्तुतकर्ता

कमला भट्ट

सिम्बोल नं. : २८३१९५

त्रि.वि. दर्ता नं. : ६-२-५३८-८६-२०१४

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०७९

विधवा महिलाहरुले भोग्नु परेका समस्या र सामाजिक सम्बन्ध - कमला भट्ट २०७९

# घोषणा

प्रस्तुत **विधवा महिलाहरुले भोग्नु परेका समस्या र सामाजिक सम्बन्ध** विषयको शोधपत्र अन्य कुनै उपाधि वा प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । यो शोधपत्र मेरो आफ्नै मौलिक अनुसन्धान हो । यसमा प्रस्तुत गरिएका विषयवस्तु विगतमा पूरा भई बुझ( ाइएका अनुसन्धान प्रतिवेदन भन्दा फरक छन् । अन्य स्रोतबाट लिइएका र सारसंक्षेपीकरण गरिएका सामग्रीहरु सन्दर्भसूचीमा उल्लेख गरिएको छ ।

मिति :

.......................................

**कमला भट्ट**

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र**

**संकाय समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपूर,काठमाण्डौ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आशिंक आवश्यकता पूर्तिको लागि मेरो निर्देशन तथा सुपरीवेक्षणमा कमला भट्टले **"विधवा महिलाहरुले भोग्नु परेका समस्या र सामाजिक सम्बन्ध"** शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्रको आवश्यक अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : .........................

....................................

सह-प्रा. डा. टिकाराम गौतम

शोधनिर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाण्डौं ।

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र**

**संकाय समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाण्डौ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूर्तिको लागि कमला भट्टले **"विधवा महिलाहरुले भोग्नु परेका समस्या र सामाजिक सम्बन्ध"** शिर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

________________

विभागीय प्रमुख

सह-प्रा. डा. युवराज लुइटेल

________________

शोधनिर्देशक

सह-प्रा. डा. टिकाराम गौतम

________________

बाह्य निरीक्षक

बलराम आचार्य

मिति : .........................

# कृतज्ञता ज्ञापन

सर्वप्रथम शोधपत्र तयार गर्ने क्रममा अमूल्य समय दिई उपयूक्त निर्देशन, सल्लाह सुझाव, प्रेरणा र हौसला दिनुहुने मेरा शोध निर्देशक त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागका प्राध्यापक गुरु सह-प्रा. डा. टिकाराम गौतम ज्यू प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु ।

त्यसैगरी समाजशास्त्र केन्द्रीय विभागप्रति आभारी छु, जुन विभागले मलाई यस विषयमा शोध गर्ने अनुमति र अध्ययन गर्ने अवसर प्रदान गरेको छ । यस विभागका विभागिय प्रमूख सह-प्रा. डा. युवराज लुइटेल ज्यू प्रति पनि अनुगृहित छु । शोधपत्र पुरा गर्ने क्रममा विभिन्न किसिमका सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय गुरु गूरुआमाहरुप्रति कृतज्ञ छु । शोध पत्रलाई मुल्याङ्कन गरी अन्तिम निर्णय गरिदिनुहुने गुरु बलराम आचार्य ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनका लागि प्रश्नावलीको उत्तर दिने क्रममा विभिन्न अवस्थाको बावजुत पनि आफ्नो अमूल्य समय उपलब्ध गराई सहयोग गरिदिनुहुने अजिरकोट गाँउपालिका वडा. नं. ०५ का विधवा महिलाहरुप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस क्षेत्रका व्यक्तिहरु जसले यस अध्ययनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुभयो उहाँहरुप्रति पनि धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने मेरा सहपाठी साथीहरुलाई पनि धन्यवाद अर्पण गर्दछु । मलाई आज यो स्थानसम्म पुऱ्याउनको लागि उत्साह, हौसला साथै उर्जा प्रदान गरिदिनु हुने मेरी ममतामयी आमा निर माँया भट्ट पुजनिय पिता स्व. प्रेम नारायण भट्ट प्रति कृतज्ञता व्यक्त गर्दछु । साथै मेरो अध्ययनलाई अगाडि बढाउन सदा हौसला र आर्थिक रुपमा विशेष सहयोग गर्नुहुने मेरा आदरणीय दाजु भरत भट्ट भाउजु प्रमिला पण्डित बहिनी आयूषि भट्ट प्रति आभार व्यक्त गर्न चाहन्छु ।

कमला भट्ट

# विषय सूची


| | पृष्ठ संख्या |
|---|---|
| **घोषणा** | **क** |
| **सिफारिस पत्र** | **ख** |
| **स्वीकृति पत्र** | **ग** |
| **कृतज्ञता ज्ञापन** | **घ** |
| **विषय सूची** | **ङ** |
| **अध्याय एक : परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभुमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको उदेश्य | ७ |
| १.४ अध्ययनको औचित्य | ७ |
| **अध्याय दुई : साहित्यिक समीक्षा** | **८-१८** |
| २.१ विधवा महिलाहरुको समस्या | ८ |
| २.२ समाज एवं परिवारप्रति उनीहरुको सम्बन्ध | १० |
| २.३ सैदान्तिक समीक्षा | ११ |
| (क) उदार महिलावाद | १३ |
| (ख) मार्क्सवादी महिलावाद | १४ |
| २.४ अनुभवजन्य समीक्षा | १५ |
| २.५ अवधारणात्मक रुपरेखा | १७ |
| २.६ अध्ययन नभएको पक्ष | १७ |
| **अध्याय तीन : अध्ययन विधि** | **१९-२१** |
| ३.१ अध्ययनको ढाँचा | १९ |
| ३.२ स्थतगत अध्ययनको औचित्य | १९ |
| ३.३ तथ्याङ्कको स्रोत र प्रकृति | १९ |
| ३.४ अध्ययन क्षेत्र र नमूना छनौट | १९ |
| ३.५ तथ्याङ्क सङ्कलन विधि | २० |
| (क) अन्तर्वार्ता | २० |

(ख) वैयक्तिक अध्ययन २०
३.६ तथ्याङ्क संकलन र विश्लेषणको प्रक्रिया २१
३.७ अनुसन्धान आचरण २१
**अध्याय चार : विधवा महिलाहरुले भोग्नु परेका समस्या र सामाजिक सम्बन्ध २२-४२**
४.१ सामाजिक समस्या २२
(क) परिवार र छरछिमेक संगको सम्बन्ध २३
(ख) विवाह, ब्रतबन्ध, पाठपूजा र सामाजिक सम्बन्ध २४
(ग) बैठकमा सहभागिता २५
(घ) विकास निर्माण कार्यमा सहभागिता २६
४.२ आर्थिक समस्या २७
(क) जग्गाको स्वामित्व २८
(ख) उत्पादन २९
(ग) पेशागत विवरण ३०
(घ) दैनिक कामको भार ३१
(ङ) आम्दानीको स्रोत ३२
(च) आम्दानी एवं खर्च ३३
(छ) खर्चको व्यवस्थापन ३४
(ज) बचत एवं लगानी ३५
४.३ पारिवारिक समस्या ३६
(क) पारिवारिक संरचना ३६
(ख) पारिवारिक सम्बन्ध ३७
(ग) बिरामी हेरचाह तथा स्याहरसुसार ३८
४.४ समाज एवं परिवारप्रति उनीहरुको सम्बन्ध ४०
(क) विधवा हुन भन्दा अगाडि र भएपछि परिवारले गर्ने व्यवहार ४०
(ख) समाजको दृष्टिकोण एवं व्यवहार ४१

**अध्याय पाँचः सारांश र निष्कर्ष** **४३-४७**
५.१ अध्ययनको सारांश ४३
५.२ निष्कर्ष ४५
**सन्दर्भग्रन्थ सूची**
**अनुसूची**

# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृठभुमि :

नेपालमा महिला हिंसा बढवा दिने विभिन्न प्रथाहरु मध्येमा कूमारी प्रथा, विधवा प्रथा, छाउपडी प्रथा आदी छन् । यी प्रथाहरु मध्येमा यस शोधकार्यमा विधवा प्रथालाई अध्ययनको विषयवस्तु बनाइएको छ । श्रीमानको भौतिक रुपले मृत्यु भइसकेको तर सामाजिक रुपले भने फलानोको श्रीमतीको पहिचान बोकेर जीवन निवार्ह गरिरहेकी महिलालाई एकल महिला भनिन्छ । जसलाई हाम्रो समाजले विधवा नामले परिभाषित गरेको छ (थापा, २०६६)। हिन्दु धर्म दर्शन अनुसार नेपाली समाज पुरुष प्रधान समाज हो । जहाँ महिलालाई दोस्रो स्थानमा राखिन्छ भने विधवा महिलालाई तेस्रो स्थानमा राखिएको पाइन्छ । नेपालको आधा आकाश ओगटेका महिलाहरु सामाजिक, आर्थिक एवं सांस्कृतिक रुपमा पिछडिएका छन् । विधवा भएकै कारण परिवार तथा समाजबाट अपहेलीत भएका छन् । यसकारण एकल महिलाहरुले भोग्नु परेका सामाजिक, आर्थिक तथा पारिवारिक समस्या के के हुन ? समाज एवं परिवारप्रति उनीहरुको बुझाई, सामाजिक सम्बन्ध कस्तो छ ?भनि अध्ययन गर्नु समाजशास्त्रका विधार्थीका लागि महत्वपूर्ण हुने भएकाले र सबै ठाउँलाई एकैसाथ समेट्न नसकिने हुनाले गोरखा जिल्ला अजिरकोट गा.पा. वडा नं.०५ मा केन्द्रित भई विधवा महिलाहरुको अध्ययन गरिएको छ ।

प्राचीन धर्मशास्त्रले नारीलाई विवाह नहुँदासम्म पिताको, विवाहपछि पतिको र वृद्धवस्थामा छोराको अधिनमा बस्नुपर्ने बाध्यात्मक अवस्थाबाट महिलालाई नियन्त्रणमा राख्न खोजिएको तर विद्वान तथा मुनिहरूको दृष्टिकोणमा सम्मान जनक अवस्था रहेको पाइन्छ । मनुस्मृतिमा मनुले “यत्र पुज्यन्ते नारी तन्त्र रमन्ते देवता” अथवा जहाँ नारीलाई पूजिन्छ, त्यहाँ देवता रमाउँछन् भनि व्याख्या गरेका छन् (चर्तुवेदी, १९९६) ।

परम्परागत रुढिवादी सामाजिक तथा सास्ँकृतिक विश्वास नेपाली समाजमा अझै विद्यमान रहेको कारणले यहाँको सामाजिक जीवन सहज मान्न सक्ने अवश्था छैन् । त्यसमा पनि नेपाली समाजका महिलाहरुको अवश्था झनै कष्टपूर्ण रहेको छ । वि. स. २०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्याको ५१.४ प्रतिशत जनसंख्या महिलाहरुकै रहेको छ । तर पनि यहाँ महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिने

गरेको पाईन्छ । महिलालाई विवाह गरेर ल्याए पछि छोराछोरी जन्माउनु ठूलो उपलब्धि मानिन्छ तर नेपाली समाजमा छोरा नजन्माउनुमा महिलाको ठूलो दोष नै मानिने गरेको पाइएको छ । छोरा नजन्माएकै कारणले ९ देखि १० वटा सम्म छोरी जन्माउनु परेको र पछि त्यही कारणले महिलालाई घरबाट निकाल्नु, सौता ल्याउनु तथा अन्य मानसिक एवं शारिरीक यातना पाएको घटना थुप्रै सुनिन तथा देखिन आएका छन् । यसैबाट के प्रष्ट हुन्छ कि नेपाली समाजमा पुरुषले कतिको महत्व राख्दछ । समाजकै कारणले छोरीलाई कम प्राथमिकता दिनु, घरभित्रै खाना देखि लगाउने लुगा, शिक्षा, कसैसंग बोल्यो कि बात लगाउने तथा व्यवहारिक कुरामा आफ्नै परिवारबाट असमान व्यवहार पाइरहेको कुरा नेपाली समाजमा देखिन्छ । यदि कसैले यस्तो परम्परा तथा सस्कृतिलाई बदल्ने प्रयास गरेमा त्यस्ता व्याक्तिलाई समाजले नै तिरस्कार गर्ने गरेको पाईन्छ । अहिलेको २१ औं शताब्दीमा पनि अझै धर्ममा असमान व्यवहार र महिला पुरुषका लागि बेग्लाबेग्लै नियम, कानुन बनाएको पाईन्छ (थापा, २०६२ ) ।

शब्द र परिभाषा बदलिदैमा मात्र प्रवृत्ति बढलिने होइन । विधवाको सट्टा एकल महिला भनिए पनि समाजले हेर्ने दृष्टिकोमा खासै परिवर्तन आएको छैन । हिजो पतिको निधन हुँदा पत्निलाई जिउदै जलाइन्थ्यो सतीप्रथाको उन्मुलनपछि अहिले महिलालाई मानसिक यातना दिने गरेको देखिन्छ । केहि वर्ष अघि विवाह पन्चमीको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले जनकपुर पुगेर राम जानकीको पुजा गर्दा त्यहाँ यस्तो अशोभनीय कार्य भयो । मन्दिरमा विधवा प्रवेश गरेको भन्दै चोख्याउने कार्य भयो एकल महिला राष्ट्रपतिको पदसम्म पुगेकोमा हामी जति गौरव गर्छौं, एकल महिलाप्रति समाजको दृष्टिकोण अझै बदल्न सकिएको छैन । खासगरी दक्षिण एसियामा एकल महिलालाई हेर्ने दृष्टिकोण अझै संक्रिय छ । एकल महिलाप्रति गरिने सामाजिक, धार्मिक तथा सामाजिक व्यवहार क्रुर र अमानवीय छ (कार्की, २०७५) ।

विधवा भन्ने परिपाटी कहिलेदेखि सुरू भएको हो र यो के आधारमा महिलाभित्र पनि वर्गीकरण गरिएको हो भन्ने कुरा अहिलेसम्म कुनैपनि विज्ञ तथा समाजशास्त्रीहरूले ठम्याउन सकेका छैनन् । तै पनि महिलाको पहिचान बनाउन श्रीमानको मृत्युपश्चात विधवा भन्ने परम्परा रहेको पाइन्छ । नेपाली समाजमा परापूर्व कालमा श्रीमानको मृत्यु पश्चात सती जाने प्रथा थियो । जब सती प्रथाको अन्त्य भयो, तब श्रीमान नभएका महिलाहरूलाई कसरी वशमा राख्ने भन्ने सोचले पनि विधवा महिलाका लागि अनेकौं गर्न हुने र नहुने

कार्यहरूको थालनि भएको जनमानसमा विश्वास छ । विधवा शब्द वैदिक भाषाबाट सुरू भएको हो । पछि गएर इण्डो-युरोपियन भाषा भएको मान्यता छ । ल्याटिन भाषामा विदुवा, इटलियनमा बेदवा, स्पेनीसमा विउदा, फेन्चमा वेड, रसियनमा विदोला, जर्मनमा वितुवा, पर्सियनमा वेवा भन्ने प्रचलन छ । त्यस्तै नेपालमा विधवा वा विधुवी र मैथिली समाजमा राँडी जुन नेपाली भाषामा तल्लो स्तरको शब्द हो (थापा, २०६९) ।

एकल महिलाले आफ्नो सिन्दुर, चुरा तथा सौभाग्यको प्रतीक मानिने रातो रंगलाई समेत त्याग्नुपर्ने प्रचलन प्राचीन समयदेखि रहिआएको छ । यसले गर्दा हाम्रो समाजमा सौभाग्य सूचक रातो रंगका कपडाहरू तथा श्रृङ्गारहरू प्रयोग नगरेका टाढैबाट एकल महिला हो भनेर पहिचान गर्न सकिन्छ । ग्रामीण समाजले एकातिर एकल महिलाहरूलाई अबला र अनाथको संवेदना दिन्छ भने अर्कोतर्फ उनैमाथि अन्याय, अत्याचार र थिचोमिथो हुँदा पनि मुकदर्शक भएर बसेको पाइन्छ । यसका अतिरिक्त स्वयं एकल महिलाहरूमा पनि आफूलाई अनाथ तथा दुःखी सम्झने र आत्मग्लानीको भावनालाई प्रश्रय दिएर हिनताबोधमा डुब्ने गर्नाले समाजमा आफ्नो महत्वपूर्ण स्थानलाई पछाडि धकेल्ने काममा थप उर्जा उनीहरूबाटै प्रदान भएको पाइन्छ (रिजाल, २०६०) ।

वि. सं. २०६८ सालको जनगणना अनुसार २,६४,९४, ५३४ कूल जनसंख्या मध्ये महिलाको संख्या १,३६,४५,४६३ छ भने पुरुषको संख्या १,२८,४९,०७१ रहेको छ । जस अनुसार नेपालमा ४,९८,६०६ जना विधवा छन् । सबै भन्दा बढी अर्थात १,०२,४५६ जना ७५ वर्ष माथिका छन् भने सबै भन्दा कम अर्थात ५५४ जना १५ देखि १९ वर्ष भित्रका छन् । जातीय आधारमा सबै भन्दा बढी क्षेत्री समुदायमा ८९,५६८ र सबै भन्दा कम कूसुन्डामा ५ जना एकल महिला छन् । एकल महिला मध्ये ५६.८% संग जग्गाको स्वामित्व छनै भने ४२.६% संग भने जग्गाको स्वामित्व छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८)।

एकल महिलाहरुप्रति समाजमा छुट्टै दृष्टि राखिन्छ । पतिको मृत्यूको पिडा एकातिर हुन्छ भने परिवार तथा समाजबाट सान्त्वना, सहयोग, मायाँ गर्नुको ठाउँमा विभिन्न किसिमका द्रुव्यवहार खेप्नुपरेको हुन्छ । यस्तो खालको वातावरणले गर्दा एकल महिलाहरुको जीवन नरकीय बन्न पूगेको छ । परिवार तथा समाजले गर्ने यस्ता व्यवहारका कारण उनीहरु एक्लिन पुग्छन् । न श्रीमानको परिवारबाट सहयोग र सदभाव पगउँछन् न त माइतबाट नै पाउँछन् । विवाह गरेर गएकी छोरीलाई पराई देख्ने समाजले फेरि उसलाई आफ्नो परिवारको सदस्यको रुपमा कहिल्यै अगांल्न सक्दैन (Khatiwada, 2020)।

हिन्दु समाजमा महिलाहरुलाई द्वैध रुपमा हेरिएको पाइन्छ । एकातिर महिलालाई सम्मानजनक स्थान प्रदान गरिएको पाइन्छ भने अर्को तर्फ त्यही महिलालाई हेयको दृष्टिले हेरिएको अथवा तल्लो स्थानमा राखिएको पाइन्छ । हिन्दु धर्ममा महिलालाई देवि शक्तिको रुपमा, प्रतिकको रुपमा यसै गरि विधा शक्ति कोमलताको रुपमा पनि हेरिएको छ । जहाँ नारीको पूजा हुन्छ त्यहाँ ईश्वर खुशी हुन्छन् भन्ने उल्लेख पनि धर्म ग्रन्थमा छ । अर्को तर्फ हिन्दु धर्म र दर्शनमा महिलाको स्वतन्त्र अस्तित्व रहन नसक्ने व्याख्या पनि उल्लेख गरिएको छ । परिवार भित्रको सामाजिक, आर्थिक तथा सांस्कृतिक क्रियाकलाप र निर्णय प्रकियामा महिला पूरुषका रुपमा लोग्ने स्वास्नी  छोराछोरी छोरा वुहारि  बाबु आमा यिनीहरुको स्रोतमाथिको नियन्त्रण प्रयोग र निर्णय अधिकारको अवस्थालाई बूझ्नु पर्दछ । महिलाहरु केटाकेटीमा आमाबुबाको नियन्त्रणमा, विवाहपछि श्रीमानको नियन्त्रणमा रहन्छन भने बूढ्यौली अवस्थामा छोराछोरी माथि निर्भर हुन्छन् भनिएको छ (Agarwal , 1998) ।

त्यस्तो संरचना जहाँ महिलामाथि पुरुषले दमन शोषण, विभेद वा शासन गर्दछ त्यो नै पितृसत्ता हो । विश्वका अधिकांश परिवारहरुमा पितृसत्ता प्रवृत्ति छ । यसले गर्दा नै परिवारभित्र महिला र पुरुषबिच समान हैसियत कायम हुन सकेको छैन् । विभिन्न सामाजिक तथा सास्ँकृतिक प्रचलनका कारण एउटै परिवार भित्र पनि पुरुषबाट महिला र महिलाबाट महिला नै शोषित भएका छन् ( Bhasin , 1993 ) ।

नारी र पूरुष एक अर्काका परिपूरक हून । सृष्टिको सूरुवात देखि नै महिला र पूरुष बिचमा कामको बाडफाँड भएको पाइन्छ । शारिरीक रुपमा पूरुष बलियो भएकाले उसको काम शिकार गर्ने खानेकुरा खोजेर ल्याउने र महिलाले पकाउने खूवाउने बालबच्चा बुढाबुढी हेर्ने लालनपालन स्याहार सूसार गर्ने जस्ता कार्यको विभाजन भएको पाइन्छ जुन करिब १०००० वर्ष अघिसम्म अस्तित्व थियो (आचार्य २०६७)। त्यसैले हरेक परिवार तथा सामाजिक संरचना महिला र पुरुष दुबैको संयूक्त योग्दानबाट चलेको हुन्छ । तर हरेक दृष्टिकोणमा महिलालाई फरक रुपमा हेरिएको पाइन्छ । समाज देखि परिवार सम्म महिलाको स्थान न्यून रहेको छ । तर विश्वका सबै देशहरुमा महिलाहरुको स्थिति एउटै खालको छ भन्न सकिदैन । नेपालको सन्दर्भमा शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रका महिलाहरुको स्थिति नाजुक छ । नेपाली महिलाहरु कठिन सामाजिक, आर्थिक स्थितिमा जीवन गुजार्न बाध्य छन् भने एकल महिलाहरुको जीवन झनै कष्टकर देखिन्छ ।

जब श्रीमानको मृत्यु हुन्छ तब एउटी महिलाको जीवनमा विभिन्न किसिमका परिवर्तनहरु आउन थाल्दछन् । सामाजिक रुपमा उसले आफ्ना इच्छा चाहानालाई दवाएर राख्नु पर्दछ । उसको जीवन छनोटमा प्रतिबन्ध लगाइन्छ जस्तै : श्रृंगार तथा रातो रंगमा प्रतिबन्ध, खानपानमा प्रतिबन्ध आदि । एकल महिलाको हैसियत सबै भन्दा तल्लो दर्जामा रहनुको कारण परम्परागत रुढीवादी समाज र त्यसमा पनि श्रीमानको मृत्यु पछाडी समाजले गर्ने अपहेलित व्यवहार नै हो । एकल महिलाले न त स्वतन्त्र रुपमा हिडडुल गर्न पाएका हुन्छन् न त आयआर्जन मूलक कार्य गर्ने नै सहज हुन्छ । यसले गर्दा उनीहरुले परिवारको जिम्मेवारीलाई पनि बहन गर्न सक्दैनन् । यसको पछाडि अशिक्षा अज्ञानता र पुरुष प्रधान समाजको विशेष भूमिका रहेको हुन्छ । हाम्रो नेपाली समाजमा एकल महिला खास गरि अरु महिलाबाट नै पिडीत भइरहेका हुन्छन । उनीहरुको दैनिक क्रियाकलाप चालचलन हरेक क्षेत्रमा महिलाहरुले नै प्रश्न चिन्ह उठाएका हुन्छन ।

**१.२ समस्याको कथन** :

कुल जनसंख्याको आधा हिस्सा ओगटेका महिला वर्ग पछि पर्नुमा परिवार तथा व्यक्ति स्वयमको हात रहेको हुन्छ । नेपाल सरकार तथा गैर सहकारी संस्थाहरुले महिलाहरुको हक र अधिकार सम्बन्धि कार्यक्रमहरु बनाई योजना लागु गरेपनि महिलाको स्थितिमा सुधार आउन सकेको छैन । हाम्रो समाजको संरचनामा महिलालाई सधै तल्लो स्तरको व्यवहार गर्ने गरिन्छ । महिलालाई हरेक क्षेत्रमा अगाडी बढ्नको लागि रोक लगाइन्छ । महिलाहरुको यस्ता समस्या तत्काल जन्मेको समस्या नभई वर्षौदेखि चलिआएको समस्या हो । जुन गाँउ शहर दुबैमा रहेका छ । वास्तवमा हेर्ने हो भने महिलाहरु कृषि कामदेखि लिएर घरको सम्पुर्ण क्रियाकलापमा पुरुषको तुलनामा बढी परिश्रम गर्दछन । तरपनि उनीहरुको सामाजिक तथा आर्थिक अवस्था नाजुक रहेको हुन्छ । कमाएर ल्याउने श्रीमानको मृत्यु पश्चात साथमा रहेको अबोध छोराछोरीलाई खानपान, लुगा, स्वास्थ्य, पढाई हरेक क्षेत्रमा असहज हुन्छ । महिलालाई कामको बोझ बढिरहेको छ । उनीहरुले जति नै काम गरेपनि कामको मुल्याङ्कन हुदैन (Bhattari, 2014)।

विधवा प्रथा महिला हिंसालाई बढवा दिने एउटा माध्यम हो । श्रीमानको मृत्युकै कारण समाजमा एउटी महिलाले सामाजिक रुपमा धेरै नै बाधा व्यवधान खेप्नू परेको छ । आर्थिक रुपमा पनि पछाडी परेका हुन्छन तर पनि आफ्नो परिवारको सबै जिम्मेवारी समाल्नु पर्दछ । आफ्ना हरेक इच्छा चाहाना तथा जीवनको छनोटमा प्रतिबन्ध भोग्नुपर्दछ ।

त्यसले स्वतन्त्र भएर हिड्न, खान, लगाउन पाएका हुदैनन । विधवा प्रथाकै कारण एउटी महिलासँग मानव अधिकारको हनन् भइरहेको छ । आजको समय भनेको हरेक विषयहरुलाई आलोचनात्मक तरीकाबाट अध्ययन अनुसन्धान गरि सत्यतथ्य पत्ता लगाई नराम्रा कुराहरुलाई हटाउने समय हो (Dhungana, 2014) । आज मानव अधिकारवादी, नारीवादी, विभिन्न विद्वान तथा दार्शनिकहरुले विधवा प्रथाको विरुद्धमा चर्को नारा उठाउदै गरिएको परिपेक्षमा एउटा विधवा महिलालाई उसको श्रीमानको मृत्यु भनेको जीवन अन्त्य होइन भन्ने सन्देश दिन यो विषयवस्तु छनोट गरिएको हो ।

नेपाली समाजमा एकल महिलाहरुले विभिन्न समस्याहरु भोग्नुपरेको छ । उनीहरुले आजीवन एक्लै बिताउनुपर्ने, बालबच्चा एक्लै हुर्काउनु पर्ने, आर्थिक दायित्व एक्लै बहन गर्नु पर्ने हुन्छ । एकल महिलालाई समाजले अशुभको प्रतीक, अभागिनी जस्तो दृष्टिकोणले हेरेको हुन्छ । त्यसले गर्दा एकल महिलाहरु सधै पछाडी पर्दछन । नेपाली समाजमा विधवा महिलाहले विभिन्न सामाजिक, आर्थिक एवं पारिवारिक समस्या भोग्न बाध्य छन् । जब आफ्नो जीवन साथिको मृत्यु हुन्छ त्यसपछि उनीहरुलाई विभिन्न खालका समस्याहरु देखा पर्दछन् । एकातिर आफ्नो जीवन साथि गुमाउनुको पिडा हुन्छ भने अर्कोतर्फ परिवारको जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । समाजले पनि विभिन्न आरोप लगाउन थाल्दछ । श्रीमान साथमा हुँदा लच्छिनकी बुहारी श्रीमानको मृत्यु पछि अलच्छिनी हुन पुग्छे । पाठपूजा तथा धार्मिक कार्यमा प्रतिबन्ध लगाइन्छ । त्यसैले यस विषयसँग सम्बन्धित भई यस शोध कार्यमा विधवा महिलाहरुले भोग्नु परेका सामाजिक, आर्थिक एवं पारिवारिक समस्या र समाज एवं परिवारप्रति विधवा महिलाहरुको सम्बन्धको अध्ययन गरिएको छ ।

यो अध्ययन केवल विधवा महिलाहरुप्रति केन्द्रित रहेकाले मुख्य रुपमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ :

क. विधवा महिलाहरुले के कस्ता सामाजिक, आर्थिक एवं पारिवारिक समस्याहरु भोगिरहेका छन् ?

ख. समाज एवं परिवारप्रति उनीहरुको सम्बन्ध कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

समग्रमा यस अध्ययनको मुल उद्देश्य विधवा महिलाहरुले भोग्नु परेका विभिन्न समस्या र समाज तथा परिवारप्रति विधवा महिलाहरुको सम्बन्ध पत्ता लगाउने र त्यसको व्याख्या गर्ने रहेको छ ।

यस अध्ययनका उद्देश्यहरु यस प्रकार छन् :

क. विधवा महिलाले भोग्नु परेका समाजिक, आर्थिक एवं पारिवारिक समस्याको अध्ययन गर्नु ।

ख. समाज एवं परिवारप्रति उनीहरुको सम्बन्धको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

जुनसुकै कार्यहरु गर्नुमा त्यसको आफ्नै महत्व पनि रहेको हुन्छ । अहिलेको समाजमा नेपाल लगायत विश्वका अधिकांश नारीवादीहरुको ध्यान लैङ्गिकतामा देखिन्छ । लैङ्गिकता भन्ने शब्दले समाजमा नारी र पुरुषको भुमिकालाई बुझाउदछ । नारी सामाजिक ,सांस्कृतिक ,आर्थिक, धार्मिक ,शारिरीक तथा मानसिक रुपमा पछाडि परेका तथा उनीहरुले सामाजिक रुपमा दोस्रो दर्जाको नागरीको हैसियत प्राप्त गरेका छन् । जसले गर्दा नारीहरु हिंसाको सिकार बनेका छन् । हिंसा बिरुद्धमा नारीहरुले आवाज उठाउनका लागि विभिन्न गोष्ठिहरु सभा सम्मेलन तथा आन्दोलन आदि गरीरहेका छन् (थापा, २०६९)

यस अध्ययनबाट एकल महिलाहरुको वर्तमान अवस्था बारे जानकारी प्राप्त गर्न सकिनेछ । एकल महिलाप्रतिको नकरात्मक तथा परम्परागत सोचलाई समाजमा बस्ने हरेक व्यक्तिको मस्तिष्कबाट हटाउन सकिनेछ । एकल महिलाहरुले र उनीहरुका बच्चाहरुले भोगिरहेका समस्याहरुको बारेमा जानकारी प्राप्त गर्न सहयोग पुग्नेछ र यसबाट समाजमा सुधारको अपेक्षा गर्न सकिनेछ । यस विषयवस्तुमा अनुसन्धान गर्ने भविष्यका अनुसन्धान कर्तालाई द्धितिय स्रोतको रुपमा सहयोग गर्ने छ । विभिन्न जातजाति अनुसार एकल महिलाहरुलाई समाजले गर्ने व्यवहार तथा हेर्ने दृष्टिकोणको बारेमा समेत जानकारी पाउन सकिने छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय योजना तथा कार्यक्रममा एकल महिलाहरुको अधिकार र भुमिकालाई एकिकृत गर्न मद्धत मिल्नेछ ।

# अध्याय : दुई

# साहित्यिक पुर्नसमीक्षा

## २.१ विधवा महिलाहरुको समस्या

यस खण्डमा विधवा महिलाहरुका विविध समस्या, विधवा भएपछि परिवारले गर्ने व्यवहार, समाज एवं परिवारप्रति उनीहरुको सम्बन्ध सम्बन्धि अध्ययन गरिएको छ । यस सम्बन्धि अध्ययन गर्ने यस शोध कार्यमा उपलब्ध भएसम्म विभिन्न विद्धानहरुका लेख, रचना, पुस्तक, पत्रपत्रिका, यस सँग सम्बन्धित पुर्व अध्ययनबाट तयार पारिएका समीक्षाहरुलाई मुख्य आधार बनाइएको छ । हुन त विधवा महिलाहरुको सम्बन्धमा प्रयाप्त मात्रामा अध्ययन अनुसन्धान भएको देखिदैन तै पनि सके सम्म प्रष्ट्याउने प्रयास गरिएको छ ।

महिलालाई एक किसिमले पिछडिएको जाति वा  उत्पीडित  जाति भनेर हेर्ने चलन छ । उत्पीडित जातिलाई अगाडि बढाउन तीन किसिमका सिद्धान्त निस्किएका छन् । एउटा सिद्धान्तले भन्छ समान अवसर दिने । दोस्रो सिद्धान्तले भन्छ समान अवसर दिएर मात्र पुग्दैन आरक्षण दिनुपर्छ । तर, यी दुई धारको बिरोधमा अर्को सिद्धान्तले भन्छ उपलब्धिमा समानता दिनुपर्छ अवसरको समानता होइन ।  काम पाउदाँ पनि माथिल्लो तहको काम लोग्ने मान्छेले र तल्लो तहको काम स्वास्नी मान्छेले पाउछन र उही तहमा पनि स्वास्नी मान्छेको ज्याला कम हुन्छ । महिलाहरुलाई हुर्काइमा नै पक्षपात गरिएको छ । सामाजिक संरचना परिवर्तन गर्ने हो भने मात्र महिलाहरुले विशेष अवसर  पाउछन् र उनीहरुको उपलब्धि पनि समान हुन्छ । महिलाहरुले पुरुष समान हुने क्रममा सम्पति वा अंशमाथि समान हक पाउन अति आवश्यक छ । हाम्रो जस्तो समाज व्यवस्थामा जुनसुकै व्यक्तिको पहिचान निकै हदसम्म सम्पतिसंग गाँसिएको हुन्छ । को मान्छेको हैसियत के छ भन्ने कुरा उसको सम्पतिबाट जाँचिन्छ । सम्पतिले नै उसको परिवार वा छोराछोरीको भविष्य निर्धारण गर्नमा ठूलो भूमिका खेल्दछ (मिश्र, २०१०) ।

शारीरिक कुटपिट, भावनात्मक कठोर शब्द, गालीगलैज, दोषारोपण, यौन दुराचार, अप्रर्याप्त खाना, हिडडुलमा प्रतिबन्ध आदि समस्याहरु प्रयाजसो धेरै एकल महिलाहरुले भोग्दै आइरहेको कुरा हो जुन एकल महिला समूहको कार्यलयबाट थाहा पाइन्छ । श्रीमानको

मृत्युको कारण बनाएर विभिन्न दोष लगाइरहनु, अपशब्दले गाली गर्नु सामान्य रुपमा सबैले भोगेका कुराहरु हुन (पाण्डे, २०६६) ।

हाम्रो समाजले पुरुषलाई प्रथम दर्जाको रुपमा, महिलालाई दोस्रो दर्जाको रुपमा र एकल महिलालाई झन् तेस्रो दर्जाको रुपमा हेरेको पाइन्छ । समाजमा एकल महिलाहरुप्रति बोक्सीको आरोप लगाई विभिन्न यातनाहरु दिने गरेको देखिन्छ । जसले गर्दा एकल महिलाहरुलाई समाजले हेर्ने दृष्टिकोण नै फरक छ । २१ औ शताब्दीको सभ्य समाजसम्म आईपुग्दा पनि विधवालाई अशुभको प्रतिक, अभागिनीको दृष्टिले हेरिनु, घरबाट निकाल्न खोज्नु, पति मरेको दोष पत्नीलाई दिनु, नाता प्रमाणित नगरिदिनु, विभिन्न मानसिक यातनहरु दिनु जस्ता समस्याहरु भोग्न वाध्य छन् । अझ भनौ उमेर छदै विधवा भएका महिलाहरुलाई झन समाजले सशंकित आखाँले हर्ने र यस्ता एकल महिलाहरु पूरुषसँग बोल्ने हिड्ने मात्र गरेमा पनि उसलाई जघन्य अपराध मान्ने गरेको पाइन्छ ( रिजाल, २०६०) ।

श्रीमानको मृत्युको असर कुनैपनि महिलाहरुलाई परेको हुन्छ, यो चाहे विकसित देशनै किन नहोस् । सम्पन्न तथा विपन्न कुनै पाि जाति, धर्म मान्ने सबैलाई आफ्नो जीवन साथिको मृत्युले क्षतविक्षत बनाउदछ । श्रीमानको मृत्यु भएको मिनेट भरदेखिनै बहन गर्नुपर्ने सांस्कृतिक तथा धार्मिक चलनले चोट पुर्‍याएको हुन्छ । आफ्नो जीवन साथिको बिछोड, परिवारको लालनपालनको चिन्ता, आफुमाथि परेको बोझ, समाज तथा परिवारले गर्ने व्यवहारले गर्दा एकल महिलाहरुलाई मनोवैज्ञानिक असर नराम्ररी पर्दछ । जसको कारण उनीहरु स्वयममा केहि गर्न सक्ने क्षमताको कमि भएको पाइन्छ । प्रायजसो एकल महिलाहरुलाई अचानक पर्न गएको जिम्मेवारी वहन गर्नुपर्ने हुनाले तनावग्रस्त भएको पाइन्छ ( थापा, २०६९) ।

आधुनिकतासँगै विश्वमा महिलाहरुको हक र अधिकार सम्बन्धि विभिन्न पक्षमा कुरा उठिरहेका छन् । पश्चिमी मुलुकहरुमा महिलाहरु धरै नै स्वतन्त्र छन् । त्यसको तुलनामा एसियाली महिलाहरु धेरै पछि परेको पाइन्छ । त्यसमा पनि धेरै जसो दक्षिण एसियाली महिलाहरु पर्दछन् । त्यसमा पनि नेपाली महिलाहरु र नेपाली महिलाहरुमा पनि एकल महिलाहरु अतिनै पछाडि परेको पाइन्छ । एकल महिलाहरु पछाडि पर्नुमा उनीहरुलाई अरु सरह समान अवसर तथा सम्मानजनक व्यवहार प्रदान गर्न नसक्नु धर्मलाई आधार मानेर कानुन तयार हुनु हो । एकाइसौं शताब्दिमा आईपुग्दा पनि समाज उहि रुढिवादि परम्परा र अन्धविश्वासमा नै रहेको पाइएको छ ।

## २.२ समाज एवं परिवारप्रति उनीहरुको सम्बन्ध

विधवा महिलाहरु तल्लो स्थानमा हुनुमा पितृसत्तात्मक समाजले ठुलो भूमिका खेलेको पाइन्छ, नेपाली समाजमा कुनैपनि शुभ कार्य गर्दा श्रीमान श्रीमती दुबै हुनुपर्ने, घरमुली सानै भएपनि छोरा मान्छे नै हुनुपर्ने मान्यताले पनि श्रीमानको मृत्यु पछि घरको मुली सानै भएपनि छोरालाई मानिन्छ । यिनै पितृसत्तात्मक सोचले गर्दा श्रीमानको मृत्युपछि महिलाको कुनै अस्तित्व रहेको पाइदैन । हिन्दु समाजमा श्रीमान हुदाँ लच्छिनको हुने महिला सोहि महिला श्रीमानको मृत्यु पछि अलच्छिनी र शुभ कार्यमा संलग्न नगराइनाले पनि पितृसत्तात्मक सोचले गरेको असमान परम्परालाई प्रष्ट्याउँछ । श्रीमती नभएको श्रीमानलाई कुनैपनि कार्यमा प्रतिबन्ध लगाइदैन । यस्ता नियम कानुन पुरुष प्रधान समाजबाट नै निर्मित भएको हो भन्न सकिन्छ (थापा, २०६२) ।

सन ८० को दशकमा गरिएको महिलाका अवस्था बारेका विभिन्न अध्ययनले महिलाहरु घर भित्रका कार्यमा बढी सम्लग्न भएका, निर्णय प्रक्रियामा उनीहरको कम पहुँच भएको र शिक्षामा महिलाको पहुँच कम देखिन्छ । त्यस्ता लैङ्गिक भुमिका र सम्बन्ध हिन्दु बाहुन, क्षेत्री समुदायमा भन्दा जनजाति समुदायमा सन्तुलित राम्रो देखिन्छ । नेपाली समाजमा त्यो पनि हिन्दु समाजमा छोराको तुलनामा छोरीलाई विभेदपुर्ण व्यवहार गरिन्छ । यसले छोरीको शिक्षा, स्वतन्त्रता, रोजगार आदिमा नकारात्मक प्रभाव पारेको छ । बुहारीप्रतिको कठोर व्यवहार पनि यहाँ देखिन्छ । प्राय : सबै नेपाली समाजमा विधवाप्रति नकरात्मक दृष्टिकोण राखेको देखिन्छ । उनीहरुलाई सहज पुनः विवाहको अवस्था छैन । नेपाली बहुजाती, बहुसंस्कृति भएको देश हो, यहाँ जातजाती, र्धम र क्षेत्रका मानिसहरुमा लैङ्गिक हिसाबले पृथक पृथक मान्यताहरु व्यवहारमा देख्न सकिन्छ । समाज र संस्कृतिलाई हेर्ने परम्परागत दृष्टिकोणमा परिवर्तन गरी समाजलाई र्हेने समसामयिक दृष्टिकोणको निर्माण गर्न आवश्यक छ (Acharya M. and L. Bennelt, 1981 ) .

महिलामाथि विभेद हुनको प्रमुख कारण नै पितृसत्तात्मक पारिवारिक ढाँचाले गर्दा हो । जति पनि महिला सम्बन्धी अध्ययन भएका छन् । ती सबैमा परिवारस्तरमा नै लैङ्गिक विभेद रहेको देखिन्छ । सामाजिक लिङ्ग निर्माणको प्रक्रियामा महिलालाई कम महत्व दिइनु, उनीहरुलाई नियन्त्रमा राखिनु तथा गलत मान्यताका कारण शिक्षा, ज्ञान तथा अवसर र स्रोत तथा साधनमाथि पहुँच नहुनाले महिलालाई कमजोर पारेको छ (Millet, Kate 1969) ।

२०६६ सालमा तत्कालिन सरकारले विधवा महिलाको विवाहलाई प्रोत्साहन गर्ने उद्देश्यले सामाजिक सुरक्षा अनतर्गत विधवा महिलालाई विवाह गर्ने जोडिलाई ५३ हजार रुपैयाको घोषणा गरेको थियो । त्यसको बारेमा सवर्त्रबाट विरोध भयो । उनीहरुलाई आत्मनिर्भर बनाउनुको सट्टा ५३ हजारको सरकारी दाईजोको लोभ देखाएर आफुहरुको आत्म सम्मानमा ठेस पुऱ्याएको भन्दै स्वयम एकल महिलाहरुबाट नै त्यसको घोर विरोध भइरहेको छ । विधवा महिलाको आत्म सम्मानलाई ५३ हजारमा बन्धकी बनाएको भन्दै व्यापक विरोध प्रदर्शन भएको छ । स्वयम् विधवा महिलाहरुले नै यसलाई ५३ हजारको लालिपपको संज्ञा दिएका छन् र सरकारको यो घोषणा खारेजीको माग समेत गरेका छन् ( आचार्य, २०६७ ) ।

## २.३ सैदान्तिक समीक्षा

मानव सभ्यताको प्रारम्भमा सुक्ष्म अवस्थामा आइसक्दा पितृसत्तामक दमन र शोषण असमान अवस्थामा रहेका छन् । पितृसत्ताले समाजका हरेक क्रियाकलाप, कला, साहित्य , विकास, सिद्धान्त आदि क्षेत्रमा महिलाको भुमिकालाई वास्ता गरेको देखिदैन । यस्तो समाजको वैकल्पिक रुप प्राप्त गर्नका लागि महिलाहरु जागृत भए र सोहि समयबाट नै महिलाहरुको उदय भएको पाइन्छ । पुरुष दमन र शोषणको विरोध गर्दै महिलाहरु पनि पुरुष सरह अवसर उपयोग गर्न पाउनु पर्छ भनि देखा परेका आन्दोलन नै महिलावाद हो । महिलावादको सुरुबात अठारौ शताब्दि देखि पहिलो, दोस्रो र तेस्रो धार हुदै बढेको पाइन्छ भने सन १९८० मा देखिएको महिलावादलाई आधुनिकवादी अवधारणको रुपमा हेरिएको पाइन्छ । सन १८४८ मा पहिलो पटक न्यूयोर्कमा महिला अधिकार सम्मेलन भएको थियो र त्यसै समयबाट नै महिला र पुरुष समान रुपमा यस धर्तिमा देखिएका हुन तर महिलाहरु माथि भेदभाव कायम नै छ भन्ने आधिकारिक घोषणा गरिएको थियो । जसमा महिलाहरुले समानताका लागि घोषणा पत्र समेत प्रकाशनमा ल्याएका थिए (श्रेष्ठ, २०६०) ।

इतिहासलाई हेर्ने हो भने अठारौं शताब्दिमा बेलायतमा थालिएको सुधार र पुनर्जागरणको प्रभाव पछि महिलालाई हेर्ने दृष्टिकोणमा भने केहि परिवर्तन भएको पाइन्छ । त्यसै गरी साठ्ठीको दशकमा भएको महिला आन्दोलनदेखि नै लैङ्गिक अध्ययनको आरम्भ भएको हो । तर महिलासम्बन्धी खासै पुस्तक तथा लेख रचनाहरु भने प्रकाशित भएका थिएनन् । तत्पश्चात सन् १९४९ मा फ्रान्सि लेखिका “ Simon ” को “ The Second Sex ” नामक पुस्तक प्रकाशन भयो ।  जसमा नारित्व सम्बन्धी पुराना चिन्तनका बिरुद्ध वर्णन गरिएको पाइन्छ । वास्तवमा यस पुस्तकलाई नै महिलाको विषयमा लिखित प्रथम Acadimic

Book  मान्न सकिन्छ । सन् १९६३ मा " Betty  Friden " को " The Feminist Mystique " प्रकाशित भयो जसमा तत्कालिन समाजमा व्यप्त रहेको महिला अधिनतालाई राम्रो संग चित्रण गरिएको थियो । उक्त पुस्तक नै महिलावादी आन्दोलनको महत्वपूर्ण जग बन्यो । फलस्वरुप घरभित्र गुम्सिएर रहेका महिलाहरुलाई घर बाहिर आएर आफ्नो अधिकारको लागि लड्न प्रोत्साहन समेत गर्‍यो । जसको सन्दर्भमा विभिन्न किसिमका महिलावादी सिद्धान्तहरुको विकास भयो (पोखरेल ,२०६०) ।

महिला र एकल महिलाका सम्बन्धमा विभिन्न महिलावादीहरुले एकल महिलाका समस्याका कारण र समस्या समधान कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा समेत आफ्ना भनाइ व्यक्त गरेका छन् । सामाजिक समस्याहरुमा हुने श्रम विभाजनले गर्दा समाजमा लैङ्गिक विभेद भएको छ । समाजमा असमान ज्याला निर्णय र सम्पत्तिमाथिको अधिकारमा समानता नहुदा एकल महिलाहरु समस्यामा परेका छन् । एकल महिलाहरुलाई सशक्त बन( ाउन सम्पत्ति, ज्याला, निर्णयमा समेत समान अधिकार दिनुपर्छ भन्ने मान्यता राख्दछन् । श्रम विभाजनमा महिलाहरुलाई घरायसी काममा मात्र सिमीत पारिएको हुन्छ । घरायसी कार्यमा दैनिक  १०/१२ घण्टा काम गर्दा पनि उनीहरुको कामको लेखाजोखा हुदैन यो पनि एकल महिलाहरुको समस्याको कारण हो (घिमिरे ,२०६६) ।

महिलावादी सिद्धान्तले विशेषगरी महिलाका बारेमा उनीहरुको आर्थिक, सामाजिक तथा राजनैतिक अवस्था के कस्तो छ ? भन्ने प्रश्नको उत्तर प्राप्त गर्ने गरी अध्ययन तथा अनुसन्धानलाई अगाडि बढाइएको पाइन्छ । यस सिद्धान्तले महिलाको अवस्था कमजोर असमान रहेको छ र यसको प्रकृती समाज अनुसार फरक फरक हुने र यस्तो लैङ्गिक असमानतालाई बुझ्न महिला र पुरुष बिचको शक्ति सम्बन्धलाई बुझ्न आवश्यक ठान्दछ । लैङ्गिक सम्बन्धलाई व्याख्या गर्ने सम्बन्धमा प्रारम्भिक समयको व्याख्या जैविकीय व्याख्या हो, जसमा जैविकीय गुणललाई आधार मानेर समाजमा महिला र पुरुषको स्थान भूमिकाको निक्यौल गरिएको हुन्छ । यस्ता लैङ्गिक भुमिकामा जैविकीय संरचनाको पक्षलाई बढी जोड दिएको हुन्छ । यस प्रकारको व्याख्या लैङ्गिक विविधता तथा भुमिका छुट्टाउने सवालमा निकै रुढीवादी र परम्परावादी व्याख्या हो । यस प्रकारको व्याख्याकारहरुका अनुसार जैविकीय रुपमा मानिसहरु पुरुष भन्दा फरक छन् (Ritzer,  and Goodman,  2004)।

एकल महिलाहरुका समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न महिलावादिहरुका विचारलाई यहाँ उल्लेख गरिएको छ :

(क) **उदार महिलावादः**

उदार महिलावादले सोह्रौ र सत्रौ समाजका सबै तहमा व्यक्तिको स्वतन्त्रतालाई जोड दिएको थियो भने उन्नाइसौ शताब्दिमा आएर नागरीक स्वतन्त्रता जस्तै सम्पत्ति माथिको अधिकार , भोट धर्म मान्ने स्वतन्त्रता,बोल्ने स्वतन्त्रता संगठन गर्ने स्वतन्त्रता जस्ता कुरालाई बढी जोड दिएको पाइन्छ । १९५० पछिका उदार महिलावादीहरुले सामाजिक आर्थिक तथा राजनैतिक सम्बन्धमा पुनरसंरचनाको आवश्यकता औल्याएका छन् । उन्नाइसौ शताब्दिका प्रख्यात महिलावादि हेरिट टेलर(Harriet Tylor)ले महिलाहरुलाई घरबाहिरका कार्य गर्न स्वतन्त्रता हुनु पर्दछ भन्ने विषयमा जोड दिई पेशा ,शिक्षा जस्ता पक्षमा महिलाका लागि स्वतन्त्रता निकै आवश्यक बस्तुहो भन्ने वकालत गरेकी छिन् । त्यस्तै मिल (John Staurt Mill) ले महिलाहरु वास्तवमा पुरुष सरह समान छन् ,प्राकृतिक रुपमा महिलाहरु पुरुष सरह काम गर्न सक्दैनन् भन्ने बुझाइ गलत हो भन्ने तर्क राखे । उनले जैविकिय रुपमा महिला र पुरुषबिच केहि फरक अवस्था भए पनि वौद्धिक र नैतिक रुपमा महिला र पुरुषबिच फरक छ भन्ने सामाजिक मान्यतालाई स्वीकार्न नसकिने तथ्य अैल्याएका छन् । उदार महिलावादीहरु विधमान संरचना भित्रै बसेर स्वतन्त्रताका माध्यमबाट महिलाको अवस्थामा सुधार ल्याई लैङ्गिक समानता कायम गर्न सकिन्छ भन्ने ठान्दछन् । उदार महिलावादिहरु व्यक्तिगत स्वतन्त्रताका अलावा सामाजिक न्याय र लिङ्गको अस्तित्व सँग बढि सरोकार राख्दछन् (एकल महिला समूह, २०६८) ।

हाम्रो नेपाली समाजमा समाजैपिच्छे विधवा महिलाहरुलाई समाजले हेर्ने दृष्टिकोण फरक फरक रहेका छन् । उदार नारीवादीहरुले एकल महिलाका सम्बन्धमा व्यक्त गरेका धारणाहरुलाई यहाँ सटिक् रुपमा प्रस्तुत गरिएको छ । एकल महिलाहरुलाई सम्पत्ति माथिको अधिकारमा स्वतन्त्रता दिनुपर्ने देखिन्छ । जसले गर्दा उनीहरु विधवा पश्चात पनि आफ्नो जिविकोपार्जन गरेर सहज रुपमा बाच्न सक्दछन् । उदार नारीवादि Harriet Tylor ले एकल महिलाहरुलाई घर बाहिरका कार्य गर्न स्वतन्त्रता हुनु पर्दछ भन्ने विषयमा जोड दिएकी छिन् । एकल महिलाहरु पुरुष सरह समान छन् । एकल महिलाहरु जैविकीय रुपमा केहि फरक भएता पनि बौद्धिक र नैतिक रुपमा महिला आफैमा सक्षम छन् भन्ने कुरा अगाडी सारेकी छन् । परम्परागत भूमिकामा परिवर्तन गर्न नसकेसम्म एकल महिलाहरु माथि उठ्न सक्दैनन् भन्ने मान्यता यस सिद्धान्तको रहेको छ (Gayle, 2018) ।

### (ख) मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गेल्सको कृति "Origin of the Family, Private Property and the State ( 1884)"लाई लिन सकिन्छ । त्यसमा उनीहरुले समाजमा रहेका विभेदको कारक तत्वहरु र विश्लेषणको तरिकाहरुको उल्लेख गरेका छन् । मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको ब्याख्या र विश्लेषण गर्न सकिएमा महिलामाथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाई राख्दछ । यस प्रकारको दमन अत्याचार तथा शोषण खास गरि पितृसत्ता र पुजिवादी संरचनाबाट भएको निष्कर्ष मार्क्सवादी महिलावादीहरुको रहेको छ । समाजमा उत्पन्न हुने समस्त वर्गीय द्वन्द्व अथवा सामाजिक द्वन्द्व जस्ता द्वन्द्वहरुलाई सिर्जना गर्ने कारण तत्वका रुपमा समाजमा रहेका शासकिय वर्गको प्रवृतिलाई मुख्य पक्ष मान्ने मार्क्सवादी महिलावादले समाजमा रहेका प्रत्येक तहका असमानता र विभेदको जड मुख्यगरी पुजीवादी समाजलाई मान्दछ (आचार्य, २०६७) ।

पूजीवादी समाजमा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । पुरुषको तुलनामा महिला तथा एकल महिलाहरुलाई कम ज्याला दिइएको छ र कमसल काममा लगाईएको छ । उनीहरुले गर्ने कार्यलाई उत्पादनशील कार्यमा गणना गरिएको छैन । समाजमा रहेका लैङ्गिक विभेद हटाउनका लागि समाजमा सम्पत्तिमाथिको निजी स्वामित्वको अन्त्यसँगै विकास हुने संरचनाबाट एकल महिलाहरुले सबै प्रकारका स्वतन्त्र रुपमा प्राप्त गर्न सक्दछन् ।

समग्र अवस्थामा रहेको लैङ्गिक विभेद हटाउनका लागि समाजमा सम्पत्तिमाथिको निजी स्वामित्वको अन्त्यसँगै विकास हुने संरचनाबाट महिलाहरुले सबै प्रकारका अधिकार प्राप्त गर्न सक्दछन् भन्ने मत मार्क्सवादी महिलावादीहरुको रहेको छ । विश्वव्यापी रुपमा विकास भएको आर्थिक भुमण्डलीकरणसँगै असमान स्तरभित्र महिलाको भुमिकाको खोजी गर्नुपर्ने तर्क आधुनिक मार्क्सवादी महिलावादीहरको रहेको छ । वर्तमान समयमा वर्गीय दमनका अवस्थाहरुलाई हटाउन नसके लैङ्गिक विभेद हट्न नसक्ने उनीहरुको धारणा रहेको पाइन्छ । यसका लागि न्यून वर्गीय समाजको जागरुकता र संगठनबाट उत्पन्न हुने क्रान्तिको परिमाण जसले वर्ग विहिन समाजको सिर्जना गर्न सकोस यसपछि मात्र लैङ्गिक विभेदको अन्त्य हुन्छ । मार्क्सवादी महिलावादीहरुले पुजीवादी व्यवस्था भित्र रहेका घरायसी वा पारिवारीक तहको श्रम विभाजनको प्रणाली प्रक्रिया र मान्यतामाथि आलोचना गरेका

छन् । पुजीवादी ढाँचामा परिवारस्तरबाटै श्रमको शोषण भएको छ । कम तलब, कमसल काममा लगाइएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यमा गणना गरिएको छैन । यी सबैका पछाडि पुजीवादी उत्पादन उदेश्यसँग गरिएको छ भन्ने धारणा मार्क्सवादी महिलावादीहरुले व्यक्त गरेका छन् (Anderson, M.L. and Tayler H,F 2009)।

समाज तथा परिवारमा महिलाको द्वैध हैसियत रहेको हुन्छ । Filiafocal Model अनुसार महिलाको हैसियत उच्च हुन्छ । माइतीमा महिलाको हैसियत सम्मानजनक हुन्छ । सबै नातेदारले छोरी, बहिनी, दिदीलाई पुज्दछन् । रगत सम्बन्ध (Consation relation)को नाताभित्र महिलालाई अत्मिक वा धार्मिक दृष्टिले उच्च मान्दछन् । छोरी बहिनी दिदीको हैसियत पवित्र रहन्छ । Partifocal Model अनुसार महिलाको हैसियत निम्न हुन्छ । जब महिला विवाह गरेर पुरुषको घरमा जान्छिन् त्यहाँ उनको स्थिति अन्य सदस्यको तुलनामा कम हुन्छ । विवाहपछि महिलालाई यौन सम्पर्क राख्ने, बच्चा जन्माउने समाजमा पवित्रता हराउँछ भन्ने धारणा रहेकोले श्रीमानको घरमा उनको हैसियत निम्न रहन्छ (Bennett , Lynn 1983) ।

मार्क्सवादीहरुले महिला र पुरुष बिच सिर्जित जाति पनि असमानता विभेद छन् त्यो जैविकीय कारण र ईश्वरीय कारणले भएको नभई समाजको आर्थिक सम्बन्धको उपज भएको बताउँछन् । यसमा Wilson Jagger Skikid Walfy जस्ता विद्धानहरुको योग्दान उल्लेखनीय रहेको छ । यिनहिरुका अनुसार उत्पादन प्रणलीको विकास तथा समाजमा सम्पत्ति माथिको व्यक्तिगत स्वामित्वको कारणले सदियौ देखि समाजमा लैङ्गिक विभेदहरु सृजना भएका हुन । महिलाहरु पुरुष सरह सबै काम गर्न सक्दछन् तर महिला र पुरुषका बिच रहेको असमान शक्ति सम्बन्धका कारण स्रोतमाथि पुरुषको नियन्त्रणले व्यापकता पाउदै गरेको र यो क्रम पुजीवादी अर्थव्यवस्था सम्म आइपुग्दा अरु बढी व्यापक बन्दै गयो । समाजको वर्गीय चरित्र नै महिला विभेदको मुल कारक तत्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादको रहेको छ (Ritzer George, 1922) ।

## २.४ अनुभवजन्य समीक्षा

त्यस्तो संरचना जहाँ महिलामाथि पुरुषले दमन शोषण, विभेद वा शासन गर्दछ त्यो नै पितृसत्ता हो । विश्वका अधिकांश परिवारहरुमा पितृसत्ता प्रवृत्ति छ । यसले गर्दा नै परिवारभित्र महिला र पुरुषबिच समान हैसियत कायम हुन सकेको छैन् । विभिन्न

सामाजिक तथा सास्ँकृतिक प्रचलनका कारण एउटै परिवार भित्र पनि पुरुषबाट महिला र महिलाबाट महिला नै शोषित भएका छन् ( Bhasin , 1993 ) ।

प्राचीन कालदेखि नै कुरीतिले जरा गाडेको हाम्रो समाजमा एकल महिलाहरुलाई मांगलिक कार्यमा अशुभ ठान्ने गरेको पाइन्छ । एकल महिलाहरुले आफ्नो सौभाग्यको प्रतिक रातो रंग, चुरा, पाते त्याग्नुपर्ने प्रचलन प्राचिन समयदेखि रहदै आएको छ । श्रीमान हुदाँ घरको लक्ष्मी हुने महिला आफ्नो श्रीमानको मृत्युपछि अलछिनी , पोइ टोकुवा भनी अपमानित गरिन्छ र विभिन्न शुभकार्य जस्तै विवाह, पूजाआजा, विभिन्न पर्वहरुमा एकल महिलाहरलाई बञ्चित गरिन्छ । कानुनले एकल महिलालाई वैधता प्रदान गरेतापनि समाजले यसलाई सहज रुपमा स्वीकार गरेको छैन । श्रीमानको मृत्युपछि माछा मासु खान नहुने र महिनामा उकदिन मृत श्रीमानको नाममा ब्रत बस्नुपर्ने भन्ने चलन पनि छ । यस्तो नियमहरुले गर्दा एकल महिलाहरुको स्वास्थ्यमा पनि समस्या देखियको पाइन्छ । हिन्दु धर्म ग्रन्धमा एकल महिला शुभ साईतमा अगाडी परे काम विग्रन्छ भनने मान्यताले गर्दा कतिपय महिलमहरु आफ्नै सन्तानको विवाह वा अन्य शुभ कार्यमा अगाडी आउनलाई बन्देज गराइएको कुरा उल्लेख छ ( शर्मा, २०६६ ) ।

परिवार भित्रको सामाजिक, आर्थिक तथा सांस्कृतिक क्रियाकलाप र निर्णय प्रकियामा महिला पूरुषका रुपमा लोग्ने स्वास्नी  छोराछोरी छोरा वुहारि  बाबु आमा यिनीहरुको स्रोतमाथिको नियन्त्रण प्रयोग र निर्णय अधिकारको अवस्थालाई बूझ्नु पर्दछ । (Agarwal , 1998) ।

हिन्दु धर्म अनुसार वंशको निन्तरताका लागि छोराको चाहना गरेको पाइन्छ । पितृसत्तात्मक समाजमा बुबा आमालाई दागवत्ती दिन , श्राद्ध गर्न जस्ता कार्यमा छोराको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विवाह संस्कारमा महिलाको हैसियत पूरुषको भन्दा कम रहेको पाइन्छ । सिङ नभएको जनावर र लोग्ने नभएको आइमाई, शीरको शोभा श्रीमान, विवाह पूर्व बूबाको नाम, पछि श्रीमानको र श्रीमानको मृत्यु पछि छोराको नामबाट परिचित रहदै आएकोले एकल महिलाहरुको स्वपहिचान नरहेको पाइन्छ ( थापा, २०६२ ) ।

एकल महिला सशक्तिकरणका लागि सबै भन्दा पहिले आर्थिक अवस्थामा नै सुधार ल्याउनु पर्ने आवश्यकता औल्याउदै अधिवक्ता गीता कोईराला भन्छिन् “ आर्थिक अवश्था सुदृढ भयो भने मात्र विधवा महिलाहरु अन्य क्षेत्रमा सशक्त रुपमा लाग्न सक्छन् ।

राजनीतिमा पहुँच बढ्न सक्छ । त्यसका लागि उनीहरुलाई उचित तालिम दिई रोजगारिको अवसर सिर्जना गरिनु पर्दछ” ( रेग्मी , २०६३ ) ।

नेपाली समाजमा त्यो पनि हिन्दु समाजमा छोराको तुलनामा छोरीलाई विभेदपुर्ण व्यवहार गरिन्छ । यसले छोरीको शिक्षा, स्वतन्त्रता, रोजगार आदिमा नकारात्मक प्रभाव पारेको छ । बुहारीप्रतिको कठोर व्यवहार पनि यहाँ देखिन्छ । समाज र संस्कृतिलाई हेर्ने परम्परागत दृष्टिकोणमा परिवर्तन गरी समाजलाई हेर्ने समसामयिक दृष्टिकोणको निर्माण गर्न आवश्यक छ (Acharya M. and L. Bennelt, 1981 )।

विभिन्न सन्दर्भमा साहित्यिक समीक्षा गर्दा समाजमा लैङ्गिक विभेद कायम नै रहेको पाइन्छ । पुँजीवादी ढाँचामा परिवार स्तरबाट नै श्रम शोषण भएको छ । विधवा महिलाहरुको जीवन शैली एकदमै कठिन रहेको छ । समाज र परिवारको हेपाह व्यवहार र सीपको अभावको कारण उनीहरुको जीवन निर्वाहमा निक्कै नै समस्या आएको छ । महिला विरुद्ध हुने शोषण , महिला र पुरुष बिचको असमानता हटाउन विभिन्न क्षेत्रबाट प्रयास र पहल हुदै आएको छ भनिए तापनि सामाजिक, आर्थिक एवं शैक्षिक क्षेत्रमा पुरुषको तुलनामा महिला धेरै पछाडि परेका छन् ।

## २.६ अवधारणात्मक रुपरेखा

यस अध्ययनको मुख्य उद्देश्य विधवा महिलाहरुको समस्या, उनीहरुको दृष्टिकोण एवं धारणा, विधवा हुनु अगाडि र भएपछि परिवारले गर्ने व्यवहारमा किन भिन्नता छ भनि पत्ता लगाउनु हो । यसका लागि गोरखा जिल्ला अजिरकोट गा.पा. वडा नं. ०५ का विधवा महिलाहरुलाई छनोट गरिएको छ । समाजमा विभिन्न जाति तथा जनजाती अनुसार विधवा महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार फरक फरक हुन्छ । विधवा महिलाहरुको सामाजिक, आर्थिक एवं पारिवारिक अवश्थालाई समाजमा रहेका विभिन्न जातजाति, शिक्षा, पेशा, पारिवारिक संरचना, समाज एवं परिवार बिचको सम्बन्ध, निर्णय गर्ने क्षमता, सामाजिक मूल्य मान्यता, धर्म, सस्कृति आदिले असर गरेको हुन्छ ।

## २.७ अध्ययन नभएको पक्ष

नेपाली समाजका महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था सम्बन्धि अध्ययन भइसकेका छन् भने विधवा महिलाहरुले भोग्नु परेका समस्या र समाज एवं परिवारप्रति विधवा महिलाहरुको सामाजिक सम्बन्धको बारेमा भने अध्ययन भएको देखिदैन ।

श्रीमानको मृत्यु हुनु अगाडी समाज तथा परिवारले गर्ने व्यवहार र मृत्यु पछि जब विधवा हुन्छन् त्यसपछि समाज तथा परिवारले गर्ने व्यवाहरमा किन भिन्नता छ भनि अध्ययन गरिएको हुदाँ अन्य अध्ययनको तुलनामा यो अध्ययन फरक रहेको छ ।

# अध्याय : तीन

# अध्ययन विधि

## ३.१ अध्ययनको ढाँचा

यस अध्ययनमा गोखा जिल्ला अजिरकोट गा.पा. वडा नं. ०५ का विधवा महिलाहरु अनुसन्धानको उत्तरदाताहरु रहेका छन् । विधवा महिलाहरुको विगत देखि वर्तमान सम्मको वैयत्तिक विवरण सहित समाज तथा परिवारप्रति उनीहरुको दृष्टिकोण एवं धारणा, परिवारले विधवा हुनु अगाडी र भएपछि गर्ने व्यवहार आदिको बारेमा अध्ययन गरिएको छ । यो अध्ययन वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । अध्ययनका क्रममा संकलन गरिएका प्राप्त तथ्याङ्कहरुलाई विभिन्न तरिकाबाट विश्लेषण गरि अध्ययनको निष्कर्ष निक( ालिएको छ ।

## ३.२ स्थलगत अध्ययनको औचित्य

अध्ययनको विषयवस्तु लैङ्गिक दृष्टिकोणमा आधारित रहेको हुनाले र कुनै एउटा अध्ययनले समग्र भौगोलिक क्षेत्रलाई समेट् नसकिने हुदाँ विधवा महिलाहरुको वास्तविकतालाई बुझ्नको लागि गोरखा जिल्ला अजिरकोट गा.पा. वडा नं.०५ लाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । यसर्थ आफुलाई आवश्यक पर्ने तथ्याङ्कहरु उक्त क्षेत्रबाट प्राप्त गर्न सहज भएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनका लागि प्राथमिक र द्धितीय दुबै तथ्याङ्क स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोतको रुपमा अन्तर्वार्ता र वैयक्तिक रहेको छ भने द्धितीय स्रोतको रुपमा बिभिन्न विद्धानहरुका लेख, रचना, पुस्तक, पत्रपत्रिका, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्रकाशित भएका तथ्याङ्क एवं सुचनाहरुलाई आधार मानेर अध्ययन गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्र र नमुना छनोट

नमुना छनोटमा उदेश्यलाई दृष्टिगत गरेर अनुसन्धनकर्ताले आफ्नो इच्छाअनुसार केही एकाइहरु छानेर अध्ययन गर्छ भने त्यसलाई उदेश्यपूर्ण नमुना छनोट भनिन्छ । प्रस्तुत स्थतगत अध्ययनका लागि गोरखा जिल्ला अजिरकोट गा.पा. वडा नं. ०५ लाई छनोट

गरिएको छ ।  ५० जना विधवा महिलाहरु मध्य सम्भाव्यता नमूना छनोट( Probability Sampling Method) अन्तर्गत अध्ययनमा रहेको उद्देश्यको आधारमा उद्देश्य प्राप्त हुने तरिकाले २० जना विधवा महिलाहरुलाई छनोट गरिएको छ । जसमा वृद्ध, प्रोढ तथा यूवा विधवा महिला जातजातिका आधारमा ब्राह्मण, क्षेत्री, दलित तथा जनजाति र वर्गका आधारमा धनी र गरिब सबै विधवा महिलाहरुलाई समावेश गरि तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

तथ्याङ्क सङ्कलन गर्नका लागि अनुसन्धानकर्ताले स्वयम आफै उत्तरदाता समक्ष प्रत्यक्ष भेटेर कुराकानी गरिएको छ । जहाँ अन्तर्वार्ता र वैयक्तिक अध्ययन विधिको प्रयोग गरिएको छ भने अन्तर्वार्ताका लागि आवश्यक पर्ने चेक लिष्टको प्रयोग गरि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### (क) अन्तर्वार्ता

अन्तवार्ता सामाजिक अन्तरक्रियाको एउटा टुक्रा हो । जसमा एक व्यक्तिले अर्कालाई प्रश्न सोध्ने र अर्कोले उत्तर दिने गर्दछन् । असल अन्तर्वार्ता भने अन्तरवार्ताकार र उत्तरदाताबिच स्थापना भएको सही सम्बन्धले नै निर्धारण गर्दछ (Therebe L. Baker, 1994) । अनुसन्धानकर्ताले स्वयम उपस्थित भएर उक्त नमुना छनोट गरिएका व्यक्तिहरुसँग अन्तर्वार्ता लिईएको छ । यसका लागि व्यक्तिगत अन्तवार्ता विधिको प्रयोग गरिएको छ । पारिवारिक जीवनमा बाधा उत्पन्न नहुने समान्जस्यता कायम राख्ने प्रश्नहरु सोधिएको छ । अन्तर्वार्ताका लागि आवश्यक पर्ने चेक लिष्टको प्रयोग गरि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### (ख) वैयक्तिक अध्ययन

वैयक्तिक अनुसन्धान एउटा अनुसन्धान रणनीति हो, जसले कुनै एउटा संगठन, संस्था, घटना, निर्णय, नीति तथा समूहका बारेमा जोड दिन्छ । यसबाट के बुझिन्छ, भने वैयक्तिक अध्ययनमा अनुसन्धानका विषय, घटना, संस्था वा समूह सबैलाई एउटा इकाई मानिएको हुन्छ (Therese L. Baker, 1994) । यस अध्ययनलाई पूर्णता दिनका लागि संपूर्ण तथ्यङ्कहरु प्रश्नावली तथा अन्तर्वार्ताबाट मात्र प्रयाप्त नहुने हुदाँ सम्बन्धित क्षेत्रको स्थलगत अवलोकन गरी वैयक्तिक अध्ययनद्धारा तथ्याङ्क संकलन गरिएको छ । यस वैयक्तिक

अध्ययनका लागि नमूना छनोटमा परेका विधवा महिलाहरु मध्ये केहि विधवा महिलाहरुको वैयक्तिक अध्ययन गरिएको । जसबाट उनीहरुको व्यक्तिगत समस्या बारे थाहा पाउन र गुणात्मक सुचना प्राप्त गर्न सकिन्छ साथै विधवा महिलाहरुले भोग्नु परेका विभिन्न समस्या र समाज तथा परिवारप्रति उनीहरुको दृष्टिकोण एवं धारणा, परिवारले एकल महिलाप्रति गर्ने व्यवहारको बारेमा अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन र विश्लेषणको प्रक्रिया

प्राथमिक र द्धितीय तथ्याङ्क स्रोतहरुका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ भने यसरी संकलित तथ्याङ्कलाई गुणात्मक विधिको प्रयोग गरि आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.७ अनुसन्धान आचरण

यस शोधपत्र तयार पार्ने क्रममा तथ्याङ्क सङ्कलन गर्ने कार्य अध्ययन क्षेत्रको परम्परा संस्कृति र जातिगत रहनसहनलाई हेरविचार गरि, विधवा महिलाहरुलाई कुनै पनि खालको असहज नहुने गरि र विधवा महिलाहरुले भन्नुभएका गोप्य कुराहरुलाई उहाँहरुकै भनाई अनुसार कसैलाई पनि जानकारी नगराई मैले उहाँहरुको विभिन्न समस्याहरु पत्ता लगाउने कोसिस गरेकी छु । विधवा महिलाहरुको सहमतिको आधारमा नै प्रश्नावली भरिएको छ ।

# अध्याय : चार

## विधवा महिलाहरुले भोग्नु परेका समस्या र सामाजिक सम्बन्ध

कालगति, प्राकृतिक प्रकोप वा मानव सिर्जित प्रकोप, दुर्घटना तथा विभिन्न रोगका कारण मृत्यू भएका व्यक्तिका श्रीमतीलाई विधवा महिला भनिन्छ । नेपाली समाजका विधवा महिलाहरुले विभिन्न समस्याहरु भोग्नु परेको छ । उनीहरुले आजीवन एकल जीवन बिताउनु पर्ने, आफ्ना नाबालक सन्तान एक्लै हुर्काउनु पर्ने, आर्थिक दायित्व एक्लैले वहन गर्नु पर्ने, अशुभको प्रतीक, अभागिनी, समाजमा हुने मांगलिक कार्यमा उचित स्थान नदिनु, विधवा पूर्नविवाहलाई अपराध मानिनु, परिवार तथा समाजबाट हेपिनु पर्ने आदि जस्ता विभिन्न समस्याहरु भोग्नु पर्ने स्थिति रहेका छन् ।

कुनै पनि विषयको अध्ययन गर्ने क्रममा अनुसन्धानकर्ताले आफूले रोजेको विषयवस्तु संग प्रत्यक्ष सम्बन्ध राख्नको लागि उचित स्थान चयन गर्न अनिवार्य हुन्छ । उचित स्थान र स्रोत बिना अध्ययन कार्य असम्भव हुने हुदाँ अध्ययनको विषय अनुसार अनुसन्धानलाई अगाडि बढाईएको छ ।

यस अध्ययनमा विधवा महिलाहरुको सामाजिक आर्थिक एवं पारिवारिक समस्याहरुलाई सकेसम्म केलाउने प्रयत्न गरिएको हुदाँ अनुसन्धानको लागि उपयूक्त अध्ययन स्थलको रुपमा गोरखा जिल्ला अजिरकोट गाँउपालिका वाड. नं. ०५ लाई चयन गरिएको छ । यो अध्ययन उक्त क्षेत्रमा बसोबास गरिरहेका विधवा महिलाहरु, उनीहरुका विभिन्न समस्याहरु र समाज एवं परिवारसँग उनीहरुको सम्बन्धमा आधारित रही गरिएको स्थलगत अध्ययन हो । स्थलगत अध्ययनबाट संकलित तथ्याङ्कलाई यस अध्ययमा ब्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ सामाजिक समस्या

विधवा महिलाहरु तल्लो स्थानमा रहनुमा पितृसत्तात्मक समाजले ठूलो भूमिका खेलेको पाइन्छ । नेपाली समाजमा कूनै पनि शूभ कार्यहरु गर्दा त्यहाँ श्रीमान श्रीमती दुवै हुनुपर्ने मान्यता रहेको छ । श्रीमान विना श्रीमतीको सामाजिक तथा धार्मिक पहिचान हुदैन ।

शारीरिक कुटपिट, भावनात्मक कठोर शब्द, गालीगलौज, दोषारोपण, यौन दुराचार, अप्रर्याप्त खाना, हिडडुलमा प्रतिबन्ध आदि समस्याहरु प्रयाजसो धेरै एकल महिलाहरुले

भोग्दै आइरहेको कुरा हो जुन एकल महिला समूहको कार्यलयबाट थाहा पाइन्छ । श्रीमानको मृत्युको कारण बनाएर विभिन्न दोष लगाइरहनु, अपशब्दले गाली गर्नु सामान्य रुपमा सबैले भोगेका कुराहरु हुन (पाण्डे, २०६६) ।

**(क) परिवार र छरछिमेक सँगको सम्बन्ध**

विधवा महिलाहरुको परिवार र छरछिमेक संगको सम्बन्ध बुझ्नको लागि उक्त महिलाहरु बस्ने ठाउँमा परिवार, समाज तथा छरछिमेक बिचको सम्बन्धले महत्वपुर्ण भुमिका खेलेको हुन्छ । त्यसैले कुनैपनि व्यक्तिको परिवार र छरछिमेक बिचको सम्बन्धले व्यक्ति बस्ने, जिउने कुराको महत्वपुर्ण भुमिका खेल्दछ ।

आर्थिक अवस्था कम्जोर भएकी एक जना विधवा महिलाको भनाई अनूसार :

*श्रीमानको मृत्यु भएपछि आफुलाई काममा सघाउन सक्ने पुरुष मानिस घरमा नभएका कारण छिमेकमा एकजना देवर पर्नेलाई खेत जोत्नको लागि मेलामा बोलाउन गएकी थिए तर उहाँले मेरो कूरालाई अस्विकार गर्दै आउदिन म तेरो मेलामा न घरमा पर्म तिर्न सक्ने छन् न त ज्याला दिनको लागि पैसा नै छ । सधैं तपाईं भन्नेले त शब्द प्रयोग गर्दै मेरो कुरालाई अश्विकार गर्नू भयो ।*

आंशिक विधवा महिलाहरुको परिवार र छरछिमेक बिचको समबन्ध कम्जोर रहेको तथ्याङ्क प्राप्त भएको छ । जसको घरमा काम गर्न सक्ने मानिसहरु छैनन् र आर्थिक अवस्था पनि कम्जोर छ भने उनीहरुलाई दुःख पर्दा सघाउने मानिसहरु पाउन हाम्रो गाऱ्हो रहेको देखिन्छ ।

वृद्ध अवस्था भएकी अर्को एकजना महिलाको भनाई अनुसारः

*मानिसहरु एउटै हुन्छन् भन्ने हुदैन , सबै छिमेकी खराब मात्र पनि हुदैनन् । कोहि मनको धनी कोहि धनको धनी छन् , धनको धनी भन्दा मनको धनीले नै दूःखमा साथ दिन्छन् । एकदिन म बिरामी भएको कारण नियमित सेवन गर्ने औषधी लिन जान सकिन र घरमा कोहि नभएका कारण पल्लो घरको भाईलाई ल्याउन लगाएकी थिए भाइले ल्याइदिएर नै मैले उक्त औषधी सेवन गर्न पाए त्यो नै मेरो लागि ठूलो सहयोग भयो ।*

विधवा महिलाहरुको परिवार र छरछिमेक संगको सम्बन्ध उनीहरु कस्तो समाजमा बसोबास गरिरहेका छन् त्यसले पनि फरक पार्ने गरेको देखिन्छ ।

धेरै विधवा महिलाहरुको परिवार र छरछिमेक संगको सम्बन्ध उक्त महिलाहरुको आर्थिक अवश्थामा भर पर्ने गरेको छ । आर्थिक अवश्था कम्जोर र घरमा पुरुष मानिस नभएको र भएपनि काम गर्न सक्ने नभएको परिवारका महिलाहरुको परिवार र छरछिमेक सगंको सम्बन्ध कम्जोर देखियो । श्रीमान हुदाँ सबैले गर्ने मानसम्मान श्रीमानको मृत्यूपछि गुमाउनु परेको बताए ।

**(ख) विवाह, ब्रतबन्ध, पाठपूजा र सामाजिक सम्बन्ध**

हिन्दू धर्ममा पूजापाठ गर्नु राम्रो मानिन्छ भने विवाह ब्रतबन्ध पनि एउटा सस्कार हो । यसै अनूसार मानिसहरुले पूजापाठ लाउने गर्दछन् तर विधवा महिलाहरुलाई भने उक्त मांगलिक कार्यमा सहभागि हुन अशुभ मानने परम्परा छ । त्यसेले छरछिमेकमा विवाह ब्रतबन्ध तथा पूजापाठ हूँदा विधवा महिलाहरलाई निमनत्रणा गर्छन कि गर्दैनन् भन्ने कुरा महन्वपुर्ण रहेको हुन्छ ।

हिन्दु धार्मिक ग्रन्थहरुमा विधवा महिला शूभ साईत वा चाडपर्वमा अगाडी परे काम बिग्रन जाने सम्भावना भएकोले आफ्नै सन्तानको विवाह वा अन्य शूभ कार्यमा अगाडी नआउनु उत्तम मानिन्छ (शर्मा, २०६६) ।

ब्राह्मण समुदायकी एकजना विधवा महिलाको भनाई अनूसारः

*विवाह, ब्रतबन्ध, पूजापाठ हँदा निमन्त्रणा त गर्ने गरेका छन् तर निमन्त्रणामा जाँदा भने विभिन्न समस्या भोग्नु परेको छ । पूजाको सामग्री छुन दिदैनन्, ब्रतबन्धको भिक्षा दिन दिदैनन् एकदिन म एकजना छोराको ब्रनबन्धमा भिक्षा दिदैं थिए एकजना आमा आफैँ पनि विधवा हुनुहुन्छ उहाँले मलाई हामीले छुन पाईदैन एता आऊ भन्नुभयो अनि अलग्गै बसेर भिक्षा दिँएउ ।*

हाम्रो समाजमा अझै पनि विधवा महिलाहरुलाई मांगलिक कार्यमा सहभागि हून रोक लाउने गरेको पाइन्छ । विवाह, ब्रतबन्ध तथा पूजापाठ हुँदा बोलाउन त बोलाउने तर पूजाको लागि तयार पारिएको सामग्री छुन तथा सामग्री तयार पार्न भने नदिने गरेको देखिन्छ । विधवा महिलाहरुलाई हाम्रो समाजले बेहुला अन्माउने बेला, ब्रतबन्धको भिक्षा दान गर्ने बेला त्यस ठाउँमा आउन बन्देज भएर होला केही विधवा महिलाहरु जो विधवा भएको धेरै समय भयो उनीहरु जानेर नै नजाने गरेको र गएपनि एक ठाउँमा बसेर हेर्ने गरेको बताए । दलित समुदायमा भने श्रीमानको मृत्यू भएको एक वर्ष सम्म धार्मिक तथा

साँस्कृतिक कार्यमा पूर्ण रुपमा प्रतिबन्ध रहेको र त्यसपछि भने त्यति समस्या नपर्ने देखिन्छ ।

विधवा महिलाहरुलाई विवाह, ब्रतबन्ध तथा पाठपूजामा निमन्त्रणा त गर्ने गरेको तर उनीहरुलाई स्वतन्त्र रुपमा सहभागि हुन भने समस्या रहेको पाइन्छ । यो समस्या दलित जनजाति भन्दा ब्राह्मण क्षेत्री समूदायमा धेरै छ ।

**(ग) बैठकमा सहभागिता**

समाजमा हुने बैठकको महत्व जति अन्य व्याक्तिहरुलाई रहेको हुन्छ त्यति नै महत्व विधवा महिलाहरुलाई पनि रहेको हुन्छ । उनीहरु पनि अन्य व्यक्ति सरह नै सहभागि हुन पाउनु पर्दछ तर, हाम्रो समाजका विधवा महिलाहरुलाई बैठकमा सहभागि हुन दिन्छन कि दिदैनन् भन्ने कुराले महत्वपुर्ण भुमिका रहेको हुन्छ ।

अध्ययन क्षेत्रका ७० प्रतिशत विधवा महिलाहरुले सहभागि हुन पाएका छैनन् । बैठकमा सहभागि हुन चाहने तर सहभागि हुन नपाएकी एकजना विधवा महिलाको भनाई यस्तो छः

*एकदिन वनको बैठक थियो त्यहाँ मलाई पनि बस्न मन लागेर म पनि यस समूहमा बस्छु भन्न गएकी थिए तर समूहकै एकजना भाईले तिमीलाई किन बस्नुपर्‍यो लेखपढ गर्न पनि आउदैन । कसका लागि जोगाउनु छ र छोरा पनि छैनन् । फेरी केही काम पर्दा सघाउन सक्ने पनि होईन भनेर समूहमा बस्न नै दिएनन् ।*

यस तथ्याङ्कबाट यो प्रष्ट हुन्छ कि हाम्रो समाजमा छोरा न भएका विधवा महिलाहरुलाई समाजले गर्ने व्यवहार फरक खालको रहेको छ । तर ३० प्रतिशत विधवा महिलाहरुले भने सामाजिक बैठकमा सहभागि हुने गरेको बताए । सामाजिक बैठकमा सहभागि हुने एकजना महिलाको भनाई अनुसारः

*विद्यालय गएर त पढेकी छैन तर अलिअलि नाम सम्म लेख्न जानेकी छु यसले मलाई धेरै सहयोग भएको छ । नाम लेख्न दुई/चार कुरा लाज नमानि बोल्न जानेका कारण अहिले महिला समुहको अध्यक्ष भएकी छु ।*

अध्ययन क्षेत्रका विधवा महिलाहरु मध्य जो दुई चार शब्द बोल्न र केही लेख्न जानेका छन् उनीहरु स्वतन्त्र रुपमा सामाजिक बेठकमा सहभागि हुन पाएका रहेछन् ।

सामाजिक बैठकमा सबै विधवा महिलाहरु सहभागि हुन चाहन्छन् तर विद्यमान सामाजिक संरचना जहाँ महिलालाई दास्रो स्थान र विधवा महिलालाई झन तेस्रो स्थानमा राख्ने गरेको देखिन्छ जसको कारणले गर्दा स्वतन्त्र रुपमा सहभागि हुन सकेका छैनन् । तर केहि लेख्न र दूई /चार शब्द बोल्न सक्ने विधवा महिलाहरुलाई भने सामाजिक संरचनाले रोक्न सकेको छैन् ।

**(घ) विकास निर्माण कार्यमा सहभागिता**

समाजमा हुने विकासका लागि गरिने विभिन्न योजनाहरुमा जति पुरुषको सहभागिता रहेको हुन्छ महिला तथा विधवा महिलाहरुको पनि समान सहभागिता रहन आवश्यक हुन्छ । तर हाम्रो समाज पुरुष प्रधान समाज भएका कारण विभिन्न विकास निर्माण कार्यमा विधवा महिलाहरुलाई पनि सहभागि गराइन्छ कि गराइदैन त भन्ने कुरा महत्वपूर्ण रहेको हुन्छ ।

विकास भनेको मानिसहरुले खुशीका साथ रमाउने वास्तविक स्वतन्त्रतालाई विस्तार गर्ने एउटा प्रक्रिया हो । मानव विकासको लागि मानवका स्वतन्त्रतालाई समाजका विभिन्न पक्षहरुसँग जोडेर विस्तार गरिनुपर्छ । विकासले समाजमा रहेका गरिबी, कुरिती, अन्धविश्वास, तानाशाही, एकाधिकार जस्ता पक्षहरुलाई निरुत्साहित गर्दछ । यस्ता कुराहरु समाजबाट हटाउन सकियो भने समाजले आफै विकासको गति समात्दछ र समाज परिवर्तन हुन्छ । अतः विकास र परिवर्तन भनेको समाजको आवश्यकता अनुसार स्वतन्त्रतालाई विस्तार गर्ने प्रक्रिया हो (Sen, 1999)।

यस अध्ययनबाट विकास निर्माण कार्यमा ७५ प्रतिशत विधवा महिलाहरु सहभागि हुने गरेको तथ्याङ्क प्राप्त भएको छ । तर, उक्त निर्माण कार्यमा सहभागि हुँदा भने विभिन्न समस्याहरु भोगिरहेका छन् । सहभागि एकजना विधवा महिलाको भनाई यस्तो छः

*एकदिन खानेपानीको बैठक थियो , प्रत्यक घरधुरीको एकजना अनिवार्य रुपमा आउनुहोला भनेर खबर गर्नुभएको थियो र मेरो घरमा अरु कोहि नभएका कारण म आफैं गए । पछि पानी मर्मतको लागि जान पर्ने भयो म बिरामी भएको कारण मैले म गएर काम गर्न सक्दिन के गरौं भनेर सोधेकी थिए तर, मलाई तिमी गएर काम गर्न सक्दैनौ भने अर्को मान्छे खोजेर पठाउन पर्छ कि जरिवाना तिर्न पर्छ भन्ने कुरा भयो र मैले अरु कोहि पाइन र जरिवाना नै तिर्न पऱ्यो ।*

स्वाश्थ्य समस्याका कारण अशक्त भएका र परिवारमा सहयोग गर्ने कोही पनि नभएका विधवा महिलाहरुलाई समाजले छुट दिएको देखिएन । अर्को एकजना विधवा महिलाको भनाई यस्तो छः

*पैसा आउने ठाउँमा टाठाबाठा जान्छन् अनि पैसा नआउने ठाउँमा भने जसरी पनि आउनुपर्छ भन्छन् । गयो आफूलाई भन्न मन लागेको कुरा भन्न नै पाईदैन ,आफुले बोले पनि कसैले वास्ता नै गर्दैनन् ।* एकजना जानकार व्यक्तिको भनाईअनूसार *पहिले पहिले विकास निर्माण कार्यमा कुनैपनि महिलाहरुको सहभागि रहेको पाइदैनथ्यो तर अहिले उक्त कार्यमा सबैको सहभागि हुन थालेको छ । पहिले संयूक्त परिवार हुन्थ्यो पुरुष मात्र जान्थे तर अहिले एकल परिवार छ त्यसमा पनि पूरुष नभएपछि महिला नै जान पर्‍यो । सहभागि महिलाहरु मध्य जो पढेलेखेका छन् उनीहरुले राखेका कुरा सबैले ध्यान दिन्छन् । अरु सामान्य पढ्न लेख्न नजानेका विधवा महिलाहरु भने सहभागि हुने मात्र हो, उनीहरुको समस्या कसैले सुन्दैनन् ।*

विकास निमार्ण कार्यबाट कुनै किसिमको आर्थिक लाभ हुन्छ भने त्यस्तो ठाउँमा सकेसम्म पढेलेखेका व्यक्तिहरु नै धरै सहभागि हुने गरेको देखिन्छ भने आर्थिक लाभ नहुने र श्रम गर्नुपर्ने ठाउँमा भने जसरी पनि विधवा महिलाहरु सहभागि हुन बाध्य छन् । तर उनीहरुले राखेका कुरालाई भने कुनै वास्ता नै गरिदैन । समयको परिवर्तन संगै केहि पढेलेखेका विधवा महिलाहरु भने हामीले पनि आफ्नो कुरा राख्न पाउनु पर्छ भनेर अगाडी बढ्ने गरेको र पहिलेको तुलनामा केहि परिवर्तन भएको पाइन्छ ।

विकास निर्माण कार्यमा विधवा महिलाहरु सहभमगि हुन, आफ्नो इच्छा व्यक्त गर्न चाहन्छन् तर, विद्यमान सामाजिक संरचनाले विधवा महिलाहरलाई आफ्नो इच्छा स्वतन्त्र रुपमा व्यक्त गर्न दिदैन । पढेलेखेका विधवा महिलाहरुले भने आफ्नो तर्क प्रस्तुत गर्ने गरेका छन् ।

## ४.२ आर्थिक समस्या

हाम्रो समाजमा रहेका विधवा महिलाहरुले विभिन्न आर्थिक समस्याहरु भोग्नु परेको छ । कमाएर ल्याउने पुरुषको मृत्यू भएपछि उक्त परिवारमा बिहान बेलुका हातमुख जोर्न

पनि समस्या हुने गरेको छ । जेनतेन बिहान बेलुका खाने व्यवस्था गर्नको लागि विधवा महिलाहरु रातदिन नभनि खटिरहेका छन ।

कुनै पनि परिवारमा जब आयआर्जन गर्ने व्यक्तिको मृत्यू हुन्छ तब त्यस परिवारमा गरिबीको कालो बादल मडारिन थाल्दछ र त्यस आर्थिक भारलाई थाम्नको लागि मुख्य भूमिका त्यही विधवा महिलाको थाप्लोमा बजारिन पुग्दछ । जसको फलस्वरुप कतिपय विधवा महिलाहरुले आफ्नै परिवारका सदस्यहरुको हेलत्वलाई बाध्यात्मक रुपमा स्वीकारेको पनि पाइन्छ भने केही महिलाहरुले घर छोडेर माइती तथा आफन्तकोमा शरण लिन वाध्य छन् । अर्को तर्फ घर तथा माइती कतैबाट पनि सहारा नपाएर कोही मागेर जिउनु परेको, कसैलाई अरुको खेलौना बनेर बाच्नु परेको पाइन्छ भने कसैले त आत्महत्या सम्म गरेको दुःखद घटना समेत देख्नमा आएको पाइन्छ (रिजाल, २०६०) ।

**(क) जग्गाको स्वामित्व**

आर्थिक स्थिति उच्च र न्यून हुनुमा जग्गाजमिन महत्वपुर्ण हुन आउँछ । विधवा महिलाहरको समस्याको बारेमा अधययन गर्दा उनीहरुको आर्थिक स्थिति कस्तो छ, भनि बुझ्नको लागि जग्गाको स्वामित्वको अधययन गर्न आवश्यक देखिन्छ । यहाँ जग्गाको स्वामित्वलाई दुई आधारमा परिभाषित गरिएको छ । पहिलो आधारमा अध्ययनमा समेटिएका विधवा महिलाहरुको परिवारको स्वामित्वमा रहेको जग्गाजमिन र दोस्रोमा विधवा महिलाहरुको आफ्नै स्वामित्वमा रहेको जग्गाजमिनलाई लिइएको छ ।

अध्ययन क्षेत्रका विधवा महिलाहरु धेरै जसो कृषक नै हुनाले धेरै थोरै जग्गाजमिन भएका नै छन् । तर ८५ प्रतिशत विधवा महिलाहरुको जग्गाजमिनको स्वामित्व परिवारको नाममा रहेको छ । आफ्नो नाममा जग्गाजमिन नहुने विधवा महिलाहरुलाई विभिन्न समस्या हुने गरेको छ । आफ्नो नाममा जग्गाजमिन नभएको बताउने एकजना विधवा महिलाको भनाई अनुसारः

*जग्गाजमिन प्रयाप्त थियो तर जब श्रीमानको मृत्यू भयो अनि उक्त जग्गाजमिन आफैँले छोराहरुको नाममा नामसारी गरिदिए । दुई/चार वर्ष केही पनि गरेनन् पछि पछि छोराहरु बिच नै झगडा हुन थाल्यो । अहिले महिले एक्लै बस्छु भनेर एउटा सानो घर बन(।एको पनि आफ्नो नाममा छैन् ।* अर्को एकजना विधवा महिलाको भनाई अनूसार *सात वर्षको उमेरमा मेरो विवाह भयो तर, केहि वर्षपछि श्रीमानले दोस्रो विवाह गर्नूभयो । मैले*

*मेरो लागि अंश चाहियो भनि माग्दा एकदम थोरै मात्र दिनुभयो । त्यसले बस्ने घर पनि बन(ाउन नपुग्ने भएका कारण माईतीको जग्गामा आएर घर बनाएर बसे, श्रीमानको पनि मृत्यू भएको धेरै भयो । अहिले आफैँले दुःख गरेर आफुलाई जेनतेन खान पुग्ने जग्गाजमिन जोडेकी छु । छोरा छैनन् छोरिहरुले हामीलाई सम्पती चाँहिन्छ पनि भनेका छैनन् । अहिले जे भएको जग्गाजमिन मेरो आफ्नै नाममा छ ।*

धेरै कम मात्र विधवा महिलाहरुले श्रीमान छदै केही काम गरेर आय आर्जन गरेको पाईएको छ । जुन महिलाहरु आफ्नो श्रीमान तथा परिवारबाट अपहेलित भएर एक्लै बस्न बाध्य भए अनि जसका छोरा छैनन् त्यस्ता महिलाहरुले जग्गाजमिनको स्वामित्व आफ्नै नाममा रहेको बताए ।

धेरै थोरै जग्गाजमिन सबै विधवा महिलाहरुको रहेको तर धेरै विधवा महिलाहरुको जग्गाजमिनको स्वामित्व परिवारको नाममा रहेको बताए । विधवा महिलाहरुको आफ्नै स्वामित्वमा जग्गाजमिन हुनको लागि आफैंले संघर्ष गर्नु परेको देखियो । अर्को तर्फ छोरा हुने विधवा महिलाहरुको परिवारमा श्रीमानको मृत्यूपछि छोराहरुकै नाममा नामसारी गर्ने गरेको पाईयो भने छोरीमात्र हुनेहरुको भने आफ्नै नाममा जग्गाजमिनको स्वामित्व रहेको छ ।

**(ख) उत्पादन**

कुनै पनि परिवारमा आफ्नो जमिनबाट भएको उत्पादनले उक्त परिवारलाई वर्षभरि खान पुग्छ कि पुग्दैन भन्ने कुराले उक्त परिवारको आर्थिक समस्या कस्तो छ भनि थाहाँ पाउन सकिन्छ ।

अध्ययन क्षेत्रमा छनौटमा परेका विधवा महिलाहरुको जग्गाजमिनबाट हुने उत्पादनमा कमि रहेको छ । उक्त उत्पादनले उनीहरुको परिवारलाई वर्षभरि खान नपुग्ने अवश्था रहेको देखिन्छ । एकजना विधवा महिलाको भनाई यस्तो छः

*घरमा काम गर्ने कोही छैनन् आफुले सबै काम गर्न सक्दिन् । बारी खनजोत गर्नको लागि खेताला खोज्दा आफुले भनेको बेलामा मान्छे पाँइदैन । अर्मपर्म जर्दा पनि सबैको सकिएपछि बल्ल पालो पाइन्छ । फेरि खेतीपाति राम्रो हुनको लागि मल जल पनि त चाहिन्छ । बल्ल तल्ल खेत रोप्यो पानी लाउन दिदैनन् आकाशको पानीको मात्र भर हुन्छ अनि के उत्पादन हुन्छ ।*

विधवा  महिलाहरको आफ्नो घरमा काम गर्ने पुरुष व्याक्ति नहुँदा आफूले भनेको समयमा खेताला नपाउने र सबैको सकिएपछि मात्र अन्तिममा आफ्नो पालो आउने भएका कारण जग्गाजमिनबाट हुने उत्पादनमा ह्रास आएको देखिन्छ ।

विधवा महिलाहरुको आर्थिक समस्या मध्य जग्गाजमिन र त्यहाँबाट हूने उत्पादनले पनि प्रभाव पार्ने रहेछ । घरमा काम गर्ने पुरुष व्याक्ति नभएका कारण उनीहरुले समयमा खेतीपाति लाउन पाएका छैनन् जसले गर्दा उत्पादनमा कमि भएको देखिन्छ ।

**(ग) पेशागत विवरण**

पेशाले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । यहि पेशाको आधारमा नै महिलाहरुको सामाजिक आर्थिक अवश्थामा विविधता ल्याउने गर्दछ । नेपालको सन्दर्भमा धेरैले आफ्नो पेशा कृषि नै भन्ने गरेको पाईन्छ । महिलाहरुले घरभित्रको काम गर्ने र पूरुषहरु घरबाहिरको काम तथा घर व्यवहार चलाउने जिम्मेवारी पुरुषको हातमा रहेको हुन्छ । श्रीमानको मृत्यूपछि विधवा महिलाहरुले आफ्नो परविारको आर्थिक समस्या समाधान गर्नको लागि के कस्ता पेशाहरु गर्ने गरेका छन् त भन्ने कुरा महत्वपूर्ण रहेको हुन्छ ।

विशेष गरेर विकासोन्मूख देशका गरिब जनताहरुको जीवनशैली पुर्णतया प्राकृतिक स्रोतमा निर्भर रहेको हुन्छ । उनीहरुसँग प्राकृतिक स्रोतको प्रयोग गर्नु बाहेक अरु कुनै विकल्प हुदैन । आफुसँग सीपको अभाव, शिक्षाको कमी, मानसिक चेतनाको अभाव, परम्परागत संरचना, सरकारको नीति तथा कार्यक्रममा नपर्नु र सहभागी नहुनु जस्ता कारणले गर्दा उनीहरुको जीवनशैली निकै नै प्रभावित भएको छ । नेपालको सन्दर्भमा पछाडी परेका, पारिएका जाति, वर्ग समुदायको जीवनशैली सुधारको लागि क्षमतामा आधारित विकास पद्धति, विकासोन्मुख जीविकोपार्जनका रणनीति अपनाउनु पर्ने देखिन्छ ( Lienert and Burger,2015) ।

विधवा महिलाहरुले जुन सुकै काम गर्न पनि बाध्य भएका छन् । चितवनमा विधवा महिलाहरुले पुरुषले झै साइकल मर्मत गर्ने, बेच्ने लगाएतका कामहरु गर्दा शुरुमा खिसी गर्ने चितवनवासी  अहिले परिवर्तन भई खोजी खोजी विधवा महिलाहरुकै पसलमा जाने गर्दछन् । जसले गर्दा विधवा महिलाहरुलाई हौसला साथै संघर्षशील जीवन जिउने प्रेरणा पनि मिलेको छ (पाण्डे, २०६१) ।

अध्ययन क्षेत्रका महिलाहरु विभिन्न पेशामा संलग्न भएको पाईन्छ । धेरै विधवा महिलाहरु कृषि तथा पशुपालन केहि ज्यालामजदुरी र दुईजना विधवा महिलाहरु मात्र जागिरे रहेका छन् । कृषि पेशामा संलग्न मध्य एकजना विधवा महिलाको भनाई यस्तो छः

*पहिला छोरीलाई अरुको घर जाने जात हो भनेर पढाएनन् आफू अशिक्षित भएपछि कहाँ राम्रो पेशा पाइन्छ र सके पनि नसकेपनि यहि माटो खेलाउने हो ।*

ज्यालामजदुरीमा संलग्न एकजना विधवा महिलाको भनाई अनुसारः

*खेति गरम आफ्नो जग्गाजमिन थोरै छ त्यसले मात्र खान पुग्दैन त्यसैले ज्या( लामजदुरी गर्न परेको छ । ढुङ्गा बोक्ने, गिट्टी कुट्ने अरु जे पाइन्छ त्यहि काम गर्ने हो । यस्तो काम गर्दा केटी मान्छेलाई धेरै गाह्रो हुन्छ ।*

नेपाली समाजको तुलनामा यस क्षेत्रका विधवा महिलाहरुको पेशाको स्तर राम्रो मान्न सक्ने अवश्था छैन् । किन कि यस क्षेत्रका विधवा महिलाहरु कृषि तथा पशुपालन गर्ने, ज्यालामजदुरी गर्ने र दुई जना विधवा महिलाहरुले मात्र जागिर गरेको देखिन्छ । तर यहाँका महिलाहरुले आफ्नो तथा परिवारको लागि जस्तो सुकै संघर्ष पनि गर्न पछि नहट्ने बताए ।

महिलाहरु जागिरे हुन चाहन्छन् राम्रो सीप र ज्ञान तथा शिक्षा नहुनाले उनीहरु सामान्य स्तरको काम गर्न बाध्य छन् आफु अशिक्षित भएका कारण जागिरे हुन नपाएको हुदाँ खेतिपाति तथा पशुपालन गर्ने र स्वाश्थ्यको ख्याल नै नगरि ज्यालामजदुरी गर्ने गरेको देखिन्छ ।

**(घ) दैनिक कामको भार**

आफ्नो परिवारको आर्थिक समस्या समाधान गर्नको लागि विधवा महिलाहरुले प्रति दिन कति घण्टा सम्म काम गर्दछन् त भनि बुझ्न आवश्यक हुन्छ । श्रीमान छदाँ र श्रीमानको मृत्यूपछि भएको दैनिक कामको भार कस्तो छ भन्ने कुरा महत्वपुर्ण रहको हुन्छ ।

अध्ययन क्षेत्रका ६५ प्रतिशत विधवा महिलाहरुले घरको सम्पुर्ण जिम्मेवारी आफैंले वहन गर्नु पर्ने देखियो । एकजना महिलाको भनाई अनुसारः

*घरमा काम गर्ने एक्लै छु छोरा छोरी पढ्दै छन् विहान पाँच बजे उठ्यो घरको काम वस्तु भाउलाई कुडोपानी गऱ्यो अनि घाँस काट्न गयो । आएर खानपिन गऱ्यो फेरि मेलामा जाने हो की आफ्नै काम गर्ने हो दिनभरी गऱ्यो । बेलुका भएपछि फेरि वस्तुभाउलाई*

*खानपिन त्यसपछि बल्ल आफ्नो पालो आउँछ । सबै कामको बोझ आफ्नै थाप्लोमा छ । फेरी घरमा वर्षभरी खान पुग्दैन किनेर खान पर्छ । केटाकेटीलाई पनि मन लागेको खान लाउन दिन पर्‍यो त्यसको लागि ज्यालामजदुरी गर्नु पर्छ । मेलापात हुँदा मेलापात अरु बेला ज्यालामजदुरी गर्छु मेरो दैनिक बाह्र देखि चौध घण्टा त काम नै हुन्छ ।*

विधवा महिलाहरु एकल परिवारको नै रहेको कारण उनीहरुको दैनिक कामको भार पनि बढी रहेको देखिन्छ । केही विधवा महिलाहरुले भने आफ्नो स्वाश्थ्य समस्याको कारण धेरै काम गर्न नसकेको देखिन्छ ।

समग्रमा अध्ययन क्षेत्रका धेरै विधवा महिलाहरु एकल परिवारको रहेकोले काम गर्ने व्यक्तिको अभाव तथा भएपनि काम गर्न सघाउन सक्ने नहुदाँ र आर्थिक अवश्था कम्जोर रहेका कारण उनीहरुको दैनिक कामको भार पनि बढी देखिएको छ ।

**(ङ) आम्दानीको स्रोत**

कुनै पनि व्यक्तिको आम्दानीको स्रोतले उक्त व्यक्तिको आर्थिक अवश्था कस्तो छ भनि पत्ता लाउन सकिन्छ । विधवा महिलाहरुको आर्थिक अवश्थालाई परिवर्तन गराउन उनीहरुको आम्दानीको स्रोत के कस्तो छ भन्ने कुरा महत्वपुर्ण रहेको हुन्छ । प्रसस्त आमदानीको स्रोत भएका विधवा महिलाहरुको आर्थिक अवश्था पनि राम्रो रहेको हुन्छ भने आम्दानीको स्रोत नभएका विधवा महिलाहरुलाई विभिन्न आर्थिक समस्याहरु परेको पाइन्छ ।

विधवा महिलाहरुले जुनसुकै पेशा अपनाए पनि उनीहरुको परिवारको आर्थिक अवश्थालाई बलियो बनाउनका लागि कुन चाँहि आम्दानीको स्रोतको उल्लेख्य भुमिका छ त्यो नै आम्दानीको मुख्य स्रोत हो । अध्ययन क्षेत्रका ६० प्रतिशत विधवा महिलाहरुले आम्दानीको स्रोत कृषि , पशुपालन र ज्यालामजदुरी नै रहेको बताए । आम्दानीको स्रोत ज्यालामजदुरी बताउने मध्य एक जना विधवा महिलाको भनाई अनुसारः

*जग्गाजमिन थोरै छ खेति गर्‍यो वर्षभरी खान पुग्दैन । बाखा कुखुरा पालेकि छु आवश्यकता पर्दा त्यसैलाई बेच्छु तर , त्यसलाई हुर्काउन बढाउन पर्‍यो बेच्ने बेला हुन समय लाग्छ । आफुलाई पैशाको खाँचो पर्छ त्यसैले ज्यालामजदुरी गर्न जान्छु अनि त्यहि पैशाले घरखर्च चलाउछु ।* अर्को एकजना विधवा महिलाको भनाई अनुसार *मेरो आम्दानीको स्रोत केहि पनि छैन । आवश्यकता पर्दा खर्च गर्ने पैशा त्यही विधवा भत्ता*

*आउँछ  त्यसैले चलाउने हो । सधै औषधी खान पर्छ अरु काम गर्न सक्दिन त्यसको लागि भत्ता नै कुर्नु पर्छ*।

यसबाट के स्पष्ट भएको छ भने हाम्रो समाजमा रहेका विधवा महिलाहरु जो काम गर्न सक्ने  उमेरका छन् उनीहरुलाई काम गर्नको लागि सहज हुने हुदाँ विभिन्न किसिमका आम्दानीको स्रोत छ भने  जो महिलाहरु मेलापात तथा ज्यालामजदुरी गर्न सक्दैनन् उनीहरुको आम्दानीको स्रोत भनेको विधवा भत्ता मात्र रहेको छ ।

अध्ययन क्षेत्रका विधवा महिलाहरुको  आम्दानीको मुख्य स्रोत कृषि तथा पशुपालन र केहि महिलाहरु ज्यालामजदुरी गर्ने गरेका छन् । तर स्वाश्थ्य समस्या भएका  विधवा महिलाहरुको भने आम्दानीको स्रोत विधवा भत्ता मात्र रहेको देखिन्छ ।

**(च) आम्दानी एवं खर्च**

उत्तरदाताहरुको आर्थिक अवश्था कस्तो छ भनि थाहाँ पाउनको लागि आम्दानी र खर्चलाई एकैसाथ अध्ययन गर्न आवश्यक देखिन्छ । उनीहरुले आँफैले कमाएको रकम कहाँ अथवा कुन कुन कामको लागि खर्च गर्दछन् त भन्ने बुझ्न आवश्यक रहेको हुन्छ ।

उत्तरदाताहरुको आम्दानी सिमित रहेको छ भने उनीहरुको आवश्यकताहरु असिमित रहेको देखिन्छ । थोरै आम्दानीले सम्पूर्ण आवश्यकताहरु पूरा गर्नका लागि उनीहरुलाई धौ धौ परिरहेको छ । अकालमा नै आफ्नो श्रीमानको मृत्यू हुनु छोराछोरी सानै तथा कमाउने उमेर नभएका कारण आम्दानीको स्रोत नभएको र खर्च मात्र हुने गरेको बताए । खर्च धेरै हुने बताउने  एकजना महिलाको भनाई अनुसारः

*आफुले मात्र कमाउने भएका कारण घरको सम्पूर्ण व्यवहार आफैले चलाउन पर्ने हुन्छ । खानपान, स्वाश्थ्य, शिक्षा  जे कामका लागि आवश्यकता पर्दछ त्यहि कामका लागि खर्च गर्नुपर्दछ त्यसले गर्दा  आम्दानी भन्दा खर्च धेरै हुन्छ*।

संयूक्त परिवारमा रहेका र परिवारका अन्य सदस्यको आम्दानी भएका विधवा महिलाहरुले भने आफूले कमाएको रकम खानपान, लत्ताकपडा, स्वाश्थ्य जस्ता शिर्षकमा मात्र खर्च गर्ने गरेको देखिन्छ ।  संयूक्त परिवारकी एकजना महिलाको भनाई अनुसारः

*घरमा छोराबुहारी छदैछन् मैले अब कमाउन पनि सक्दिन । मेरो आम्दानी भनेको त्यहि विधवा भत्ता हो आफूलाई दिनदिनै औषधी खान त्यहि पैसा खर्च हुन्छ । अनि कहिलेकाहिँ केहि खान मन लाग्यो भने किनेर खान्छु।*

अध्ययन क्षेत्रका महिलाहरु मध्य धेरै विधवा महिलाहरु एकल परिवारमा रहेको बताए । एकल परिवारमा कमाउने अरु मानिस नभएका कारण उनीहरुले परिवारको आवश्यकता अनुसार के के कामको लागि खर्च चाहिन्छ सोहि कामको लागि खर्च गर्ने गरेका छन् । तर आफ्नो आम्दानीले भने खर्च गर्न पूगेको देखिएन विधवा महिलाहरुको आम्दानी भन्दा खर्च बढी छ ।

उत्तरदाताहरुले आफ्नो आम्दानी आवश्यकता अनुसार सम्पूर्ण कामको लागि खर्च हुने गरेको बताए । घरमा आम्दानी गर्ने व्यक्ति नहुँदा आफैँले आम्दानी गर्ने र सोहि आम्दानी परिवार तथा आफ्नो लागि खर्च गर्ने गरेका छन् । संयूक्त परिवारमा रहनेहरुको आम्दानी भने आवश्यकता अनुसार खर्च हुने गरेको बताए ।

**(छ) खर्चको व्यवस्थापन**

महिलाहरुको आफ्नो आम्दानीको स्रोत नहुनु र परिवारको पनि आम्दानीको स्रोत नहुनाले विधवा महिलाहरुले आफ्नो तथा परिवारको लागि हुने दैनिक खर्चको व्यवस्थापन कसरी गरेका छन् त भन्ने कुरा बुझ्न आवश्यक रहेको हुन्छ ।

सापटी खोजेर खर्चको व्यवस्थापन गरेकी एकजना विधवा महिलाको भनाई अनुसारः

*घरमा आम्दानीको स्रोत कतैबाट नहुने भएपछि धेरै गाह्रो हुने रहेछ । छोराछोरी पढ्दै हुँदा उनीहरुलाई पढाउने खर्च पनि चाहियो । आफुसंग भन्ने वित्तिकै पेसा पनि हुदैन । आवश्यकता पर्दा समूहमा त्रिण लिने गरेकी छु, त्यसलाई व्याज तिर्दैमा हैरान हुन्छ । कहिलेकाहि पैसाको खाँचै पर्छ अनि छरछिमेकमा सापटी माग्न गयो धेरै वचन लाउछन । एकदिन छोरीको परिक्षा शुल्क आवश्यक प¥यो आफूसंग साथमा पैसा थिएन र छिमेकमा एउटा बहिनीले दिन्छिन कि भनेर माग्न गएकी थिए ति बहिनीले तिर्न सक्नेलाई पो दिनु आउने बाटो कतै छैन कसरी तिर्न सक्छु भनेर माग्न आएको होला भनिन् त्यहाँ बाट त्यसै आए । फेरि अर्को बहिनी संग कुरा गरे छोरीको परिक्षा शुल्क तिर्ने पैसा भएन ल न बहिनी छ भने दिनु म समूह बाट झिकेर दिन्छु भने त्यसपछि ति बहिनीले मलाई पैसा नै दिन*

*पर्दैन दीदि मेलामा आइदिनु भएपनि हुन्छ भनेर पैसा दिनुभयो अनि त्यो पैसा लिएर छोरी परिक्षा दिन गई।*

खर्चको व्यवस्थापनको लागि विधवा भत्ता नै कुर्नु पर्ने एकजना महिलाको भनाई यस्तो छः

*आफ्नो आम्दानीको स्रोत छैन् छोराहरु पनि छुट्टै बसेका छन् खानपानमा हो धेरै खर्च हुने चाहिने सामग्री पसलबाट उधारो ल्याउछु विधवा भत्ता आउछ अनि त्यसैले तिर्ने गरेकी छु।*

उत्तरदाताहरुले आफ्नो घरमा आम्दानी गर्ने व्यक्ति नहुदाँ खर्च बढी हुने र त्यस खर्चलाई विधवा महिला आफैले समूह, छरछिमेकि तथा आफन्तहरुसंग ऋण लिगेर व्यवश्थापन गर्ने गरेको बताए । उनीहरुले आफ्नो तथा परिवारको लागि हुने दैनिक खर्चको व्यवस्थापन गर्नको लागि धेरै समस्याहरु भोग्नु परेको देखिन्छ ।

उत्तरदाताहरुले आफ्नो खर्चको व्यवस्थापन गर्नको लागि  आफन्त, छरछिमेक, तथा समूहमा सापटी मागेर चलाउने गरेको तर आफन्त तथा छरछिमेकमा पैसा सापटी माग्न जाँदा भने विभिन्न समस्याहरु भोग्नुपरेको बताए । तर जो विधवा महिला घरमा एक्लै छन् उनीहरुलाई आफ्नो लागि मात्र खर्च हुने भएकाले खानपानको लागि सामग्री पसलबाट ल्याउने र विधवा भत्ता आएपछि तिर्ने गरेको बताए ।

**(ज) बचत एंव लगानी**

कुनै पनि मानिसले आफूले दैनिक रुपमा गर्ने खर्चलाई कटौती गरेर केहि रकम भए पनि वचत गर्ने बानी गर्नाले त्यसलाई आवश्यकता पर्दा प्रयोग गर्न सकिन्छ र भइपरि आउने समस्यालाई केहि मात्र भए पनि समाधान गर्न सकिन्छ ।

सामान्य बचत गर्न थालेको बताउने एकजना महिलाको भनाई अनुसारः

*श्रीमानको मृत्यूपछि घरमा दुई छोराछोरी मात्र भए एकदिन छोरा बिरामी पऱ्यो औषधी उपचार गर्न लैजाने पैसा नभएर धेरैसंग माग्दा बल्लतल्ल एकजनाले दिनुभयो अनि त्यहि पैसा लिएर अस्पताल गए । त्यहाँ देखि मैले जति दुःख गरेर भए पनि महिनाको दुई/तिन हजार वचत गर्ने गरेकी छु । बाख्रा, कुखुरा किन्ने ठूलो बनाएर बेच्ने गरेकी छु ।* अर्को एकजना महिलाको भनाई अनुसार  *दैनिक छाक टार्न नै गाह्रो परेको हुन्छ भोलिको*

*बाटो सोच्ने त त्यस्तै हो । पहिले पहिले त वचत गर्ने गरेकी थिए । अहिले स्वाश्थ्य समस्याको कारण काम गर्न पनि सक्दिन वचत पनि छैन्।*

अध्ययन क्षेत्रका विधवा महिलाहरुको आर्थिक अवस्था कम्जोर रहेको देखिन्छ । किन कि यहाँका अधिकांश विधवा महिलाहरुलाई दैनिक गुजारा चलाउन नै कठिन परेको र विभिन्न स्वास्थ्य समस्या भएकै कारण रहर हुदाँहुदै पनि बचत एवं लगानी गर्न सकेका छैनन् । तर पनि केही महिलाहरुले आफूले दैनिक गर्ने खर्चलाई कटौती गरेर भएपनि थोरै रकमलाई वचत तथा लगानी गर्ने गरेको बताए ।

अध्ययन क्षेत्रका महिलाहरु मध्य जो महिलाहरु काम गर्न सक्ने उमेरका छन् उनीहरुले दुःख गरेर भने पनि केहि रकम वचत गर्ने गरेका पाइन्छ । जो महिलाहरु स्वाश्थ्य समस्याबाट ग्रसित छन् र आम्दानीको स्रोत पनि छैन उनीहरुले भने वचत गर्ने रहर हुदाँ हुदै पनि वचत तथा लगानी गर्न नसकेको बताए ।

## ४.३ पारिवारिक समस्या

एउटा परिवारलाई लैङ्गिक विश्लेषणको एकाई बनाउदा परिवार भित्रको आर्थिक, सामाजिक तथा साँस्कृतिक क्रियाकलाप र निर्णय प्रक्रियामा महिला पुरुषका रुपमा लोग्ने स्वास्नी , छोराछोरी, छोरी बुहारी, बाबु आमा, यीनीहरुको स्रोतमाथिको नियन्त्रण, प्रयोग र निर्णय अधिकारको अवस्थालाई बुझ्नु पर्दछ(Agarwal, 1998 )।

आफूले आशा र भरोसा राखेको मानिस नै नभएपछि विधवा महिलाहरुलाई आत्मविश्वास हुदैन । उनीहरुलाई अब बाँकी जीवन कसरी विताउने भन्ने कुरामा समस्या पैदा हुन्छ । श्रीमानको मृत्यू भन्दा अगाडी लच्छिनकी बुहारी श्रीमानको मृत्यूपछि अलच्छिनी हुने गर्दछन् भने श्रीमानको मृत्यूको कारण पनि उनीहरु नै बन्दछन् ।

### (क) पारिवारिक संरचना

विवाह दुई विपरित लिङ्गीहरुको समायोजनको लागि स्थापित भएको एउटा स्थायी संगठन हो भने विवाह पछि छोराछोरी अपरिहार्य छ । छोराछोरीबाट नै वंशजको निरन्तरता हुन्छ । हाम्रो समाजमा छोरीलाई भन्दा पनि छोरालाई बढि मान्यता दिइन्छ किन भने छोरा भएन भने स्वर्गको बाटो खुल्दैन भन्ने विश्वास गरिन्छ (थापा, २०६२)।

उत्तरदाताहरुको पारिवारिक संरचना थाहा पाउनको लागि उनीहरुको छोराछोरी छन् कि छैनन् र संगै बस्छन कि बस्दैनन् भन्ने कुरा थाहा पाउन आवश्यक हुन्छ । अध्ययन क्षेत्रका महिलाहरुको  छोराछोरी भएका, छारी मात्र भएका र छोराछोरी नै नभएका पनि छन् । छोरा नहुने एकजना महिलाको भनाई अनुसारः

*छोरा भएनन् दुईवटी छोरी जन्मिएका अहिले दुबैको विवाह भयो । म घरमा एक्लै छु सबैले छोरा छैन् भन्छन् । आफूलाई पनि छोरा भएको भए संगै हुने थियो होला जस्तो लाग्छ । छोरीको जात अरुको घर नै जाने जात जसरी जान परिहाल्यो । मलाई पनि आउनु संगै बसम भन्छन् हात खुट्टा चलुञ्जेल किन छोरीहरुलाई दुःख दिनु जस्तो लाग्छ तर आफूलाई गाह्रो भएको बेलामा भने रुन मन लाग्छ, पानी तताएर दिने कोहि हुदैनन् ।*

अर्को एकजना सन्तान नै नहुने विधवा महिलाको भनाई अनुसारः

*म बाट सन्तान भएनन् भनेर श्रीमानले अर्को विवाह गर्नु भयो । कान्छिको छोराछोरी दुबै छन् तर, अहिले काठमाण्डौं तिर छन् घरमा म मात्र छु । सबैले सन्तान भएन अपुत्री भन्छन्, धेरै नरमाईलो लाग्छ ।*

अध्ययन क्षेत्रका महिलाहरु  एकल तथा संयूक्त दुबै परिवारको रहेको देखिन्छ । छोरा नहुने विधवा महिला छोरीहरुको विवाह पछि घरमा एक्लै भएको तथा निसन्तान रहेका विधवा महिलाहरु आफ्नो भाग्यलाई दोष लगाउदै एक्लै बस्न रुचाएको बताए । तर कतिपय अवस्थामा छोराछोरी हुने विधवा महिलाहरु पनि घरमा एक्लै बस्न बाध्य छन् ।

छोराछोरी नहुने विधवा महिलाहरुलाई एउटा भए पनि छोराछोरी भएको भए हुने थियो भन्ने भएको र  अरुले आफ्नो भावना बुझ्न नसकेको बताए ।  भने जसका छोरा छैनन् उनीहरुलाई एउटा भए पनि छोरा भएको भए हुने थियो भन्ने भावना रहेको देखिन्छ ।

**(ख) पारिवारिक सम्बन्ध**

परिवारमा कुनैपनि समस्या छ कि छैन् भनि थाहाँ पाउनको लागि उक्त परिवारका सदस्यहरु बिचको पारिवारिक सम्बन्ध बुझ्न आवश्यक हुन्छ । परिवारमा झैझगडा हुन्छ कि हुदैन् यदि झगडा भए के कारणले झगडा हुन्छ र झगडाको व्यवश्थापन कसले गर्ने गदर्छ जस्ता कुरा महत्वपूर्ण रहेको हुन्छ । सकेसम्म सबै परिवारको पारिवारिक सम्बन्ध सुमधुर हुन आवश्यक छ ।

श्रीमानको मृत्यू पारिवारिक कलहकै कारण भएको बताउने एकजना महिलाको भनाई अनुसार:

*श्रीमानको बानी रक्सि खाने र तास खेल्ने थियो । एकदिन महिले आज त मकै गोड्न जानुपर्छ है कति तास मात्र खेलेर हिड्नु हुन्छ भनेकि थिए तर ,जान मान्नु भएन गोडमेल गर्ने काम केटी मान्छेको हो भन्नु भयो । त्यसदिन घरमा पनि ढिला गरि आउनु भयो मैले दिनभरि काम गर्दा थकाई लागेको छ खाना खान त समयमा घर आउन पर्छ नि कति कुरेर बस्ने भनेकी थिए । यतिकैमा मलाई पिट्नु भयो छोराहरु पनि घरमा थिएनन् एकदिन पछि छाराहरु घर आए । छोराहरुलाई यस्तो यस्तो भयो भनेर सबै बताए त्यसपछि छोराहरुले बा लाई बुढेसकालमा पनि बुढाबुढी झगडा गर्ने हो ? भन्दै गालि गरे अरु के के भने मैले सबै सुनिन् । त्यसपछि घरबाट निस्किएर  जानु भएछ र घरभन्दा थोरै माथि गएर झुन्डिएर  मर्नु भएछ।*

पैतृक सम्पतिको कारण पारिवारिक सम्बन्ध बिग्रिएको बताउने  एकजना महिलाको भनाई अनुसार:

*श्रीमानको मृत्यूपछि पैतृक सम्पति सबै छोराहरुको नाममा बाँडफाँड गरिदिएकी थिए । एउटा छोराले असन्तुष्ट भएर म संग नै झगडा गर्न आयो  । म ऊ संगै बसिरहेकी थिए तर मलाई त्यो घरमा बस्न दिएन, अहिले म एक्लै बसेकी छु ।*

पारिवारिक सम्बन्ध राम्रो हुनको लागि उक्त परिवारका सदस्यहरु एक आपसमा मिलेर बस्न आवश्यक हुन्छ । जब परिवारका सदस्यहरु बिचमा मन मुटाव उत्पन्न हुन्छ अनि त्यस परिवारको सम्बन्ध बिग्रन थाल्दछ । यहाँ पारिवारिक कलहकै कारण ठूलो दुर्घटना हुन पुगेको देखिन्छ ।

अध्ययन क्षेत्रका धेरै जसो विधवा महिलाहरुको पारिवारिक सम्बन्ध  सुमघुर रहेको तर केहि महिलाहरुको भने अंश , वेरोजगारी , जुवातास तथा लागु औषध सेवनका कारणले परिवारमा झैझगडा हुने गरेको र पारिवारिक सम्बन्ध बिग्रीएको छ ।

**(ग) बिरामी हेरचाह तथा स्याहारसुसार**

नेपालमा महिलाहरुलाई बाल्य अवस्थादेखि नै आफूलाई भन्दा परिवारका व्याक्तिहरुलाई प्राथमिकता दिनुपर्छ भन्ने सामाजिकरण गरिएको छ । त्यसैले गर्दा पनि प्रायजसो घरहरुमा महिलाहरुले खाना सबैले खाएपछि खाने गर्दछन् । झन श्रीमानको

मृत्यूपछि आफूमाथि आइपर्ने परिवारको जिम्मेवारीलाई निभाउन गाह्रो पर्न जान्छ र परिवार अर्थात छोराछोरीको आवस्यकता पुरा गर्दागर्दै शारीरिक रुपले अस्वस्थ भइसकेका हुन्छन् । विभिन्न पौष्टिक आहार खानबाट वन्चित, व्रत बस्नुपर्ने, पेटभरि खाना खान नपुग्ने, कामको बोझ तथा मानसिक चिन्ता आदिले गर्दा पनि धेरैजसो विधवा महिलाहरुको स्वास्थ्यस्थिति नाजुक भएको पाइएको छ । आफ्नो लागि स्वास्थ्य जाँच गराउने वातावरण नमिल्नाले पनि धेरै विधवा महिलाहरु अस्वस्थताको अवस्थामा पाइएका छन् (थापा, २०६९) ।

स्वास्थ्य जीवनले नै सम्पूर्ण कार्यभार सम्हाल्नलाई सक्षम बनाउछ । जति नै स्वाश्थ्यको ख्याल गरेतापनि स्वाश्थ्य समस्या देखा परि नै हाल्दछ । त्यस्तो अवस्थामा विधवा महिलाहरुलाई हेरचाह तथा स्याहारसुसार कसले गर्ने गर्दछन् त भन्ने कुरा महत्वपूर्ण रहेको हुन्छ ।

उत्तरदाताहरुलाई तपाइँ बिरामी परेको बेलामा तपाईंको हेरचाह कसले गर्नुहुन्छ ? भनि सोधिएकोमा एकजना महिलाको भनाई यस्तो छः

*आफूलाई धेरै गाह्रो परेपछि जे जस्तो भएपनि छोराबुहारीलाई नै बाध्यता हुन्छ । समाजले के भन्ला कि भन्ने पनि हुन्छ तर , आफूलाई खान मन लागेका कुरा खान पाइदैन । हात खुट्टा चल्दा सम्म कामको आस गर्दछन् । बिहान खाना दिएर बुहारी पसल जान्छे छोरो पढाउन जान्छ । एकैचोटी बेलुका हुन्छ दिउँसाका केही खान मन लाग्छ तर बनाएर खान सक्दिन ।*

अर्को एकजना महिलाको भनाई यस्तो छ *छोरा छैनन् छोरीहरुको विवाह भइसक्यो अहिले घरमा एक्लै छु । एकपटक अप्रेशन गर्दा कान्छि छोरीले हेरचाह गरी अरु सामान्य बिरामी परेको बेला भने माईती नजिक नै छन् भाई बुहारीले हेरचाह गर्ने गर्छन् ।* स्वाश्थ्य नै मानिसको लागि ठूलो धन हो जब मानिसलाई कुनै न कुनै रोगले आक्रमण गर्दछ तब मानिसलाई आफ्नो हेरचाह तथा स्याहरसुसार गर्ने मानिसको आवश्यकता पर्दछ ।यसबाट यो स्पष्ट हुन्छ की परिवारका अन्य सदस्यहरु विभिन्न काममा व्यस्त भएका कारण विधवा महिलाहरुलाई बिरामी परेको समयमा उपयूक्त हेरचाह तथा स्याहारसुसार गर्ने मानिसको अभाव भएको देखिन्छ ।

जो जो विधवा महिलाहरुको छोराबुहारी तथा छोरीहरु आफूसंगै बसेका छन् उनीहरुको हेरचाह छोराबुहारीले नै गर्ने गरेको र जसका छोरा छैनन् उनीहरुलाई बिरामी हँदा  हेरचाह छोरी तथा माईतीले गर्ने गरेको बताए ।

## ४.४  समाज एवं परिवारप्रति उनीहरुको सम्बन्ध

विधवा महिलाहरु तल्लो स्थानमा रहनुमा पितृसत्तात्मक समाजले ठूलो भूमिका खेलेको देखिन्छ । नेपाली समाजमा कुनैपनि शुभ कार्यहरु गर्दा त्यहाँ श्रीमान श्रीमती दुबै हुनुपर्ने मान्यता रहेको कारण  श्रीमान बिना श्रीमतीको सामाजिक तथा धार्मिक पहिचान हुँदैन । विधवा महिलाहरुलाई खानामा, लुगामा, श्रृङ्गार तथा रातो राङ्ग माथिको  प्रतिबन्धले नकारान्मक प्रभाव देखाउन प्रयत्न गरेको पाइन्छ  (थापा, २०६९) ।

### (क) विधवा हुन भन्दा अगाडि र भएपछि परिवारले गर्ने व्यवहार

अध्ययनका क्रममा विधवा महिलाहरुको पारिवारिक दृष्टिकोण एवं व्यवहारलाई महत्वपूर्ण रुपमा हेरिएको छ । उनीहरु विधवा हुन भन्दा अगाडी र विधवा भइसकेपछि परिवारले गर्ने व्यवहारमा परिवर्तन कस्तो रहेको छ भनि अध्ययन गरिएको छ ।

अध्ययन क्षेत्रका ६० प्रतिशत  विधवा महिलाहरुको  परिवारको दृष्टिकोण र व्यवहारमा नकारात्मक परिवर्तन भएको देखिन्छ  । विधवा भएपछि परिवारले आफूप्रति गर्ने व्यवहार नराम्रो रहेको बताउने एकजना महिलाको भनाई अनुसारः

*आफ्नै परिवारको सदस्यले मलाई पटक पटक पोई टोकुई  भन्ने शब्द प्रयोग गरेका छन् । मेरो श्रीमानको मृत्यू दुर्घटनामा परेर भयो तर , मेरो जेठाजुले तैले मेरो भाईलाई खाईस् भन्ने गर्नुहुन्छ । एकदिन मलाई घरबाट निस्किएर जाने भए जा नत्र मार्छु भनेर खुकुरी लिएर घरको ढोकामा बस्नु भयो । म आत्तिएर कसरी कसरी बाहिर निस्किएछु अनि छिमेकमा गुहार मागे छरछिमेकि आउँदा बाटोमा गएर बसेर म यहाँबाट माथि गएकै छैन भन्नु भयो ।*

जब आफ्नो श्रीमानको मृत्यू हुन्छ तब विधवा महिलाहरुले विभिन्न खालका शारीरिक तथा मानसिक यातनाहरु भोग्न बाध्य भएका छन् । श्रीमानको मृत्यूको पीडा एकातर्फ छ भने अर्को तर्फ साथ र सहयोग दिनु पर्ने आफ्नै परिवारका सदस्यहरुले  अमानविय व्यवाहार गर्दै आएको देखिन्छ ।

एक दुई जना विधवा महिलाहरुको परिवारको दृष्टिकोण तथा व्यवहार एकल हुनभन्दा अगाडी पनि नराम्रो तथा यातना र पछि पनि अन्ने सदस्यहरुबाट विभिन्न यातना हुने गरेको बताए । यसबाट के स्पष्ट हुन आउँछ भने हाम्रो जस्तो पित्तृसत्तात्मक परिवारमा विधवा भएर मात्र होईन सधुवालाई पनि यातना दिइरहेको पाईएको छ । त्यो शारीरिक तथा मानसिक नै किन नहोस् ।

कुनै परिवार जो शिक्षित छ त्यस्तो परिवारले विधवा महिलाहरुलाई गर्ने व्यवहार सकारात्मक पनि रहेको छ । अध्ययन क्षेत्रका महिलाहरुमध्य विधवा भएपछि परिवारले गर्ने व्यवहारमा सकारात्मक परिवर्तन भएको बताउने एक जना विधवा महिलाको भनाई यस्तो छः

*जब मेरो श्रीमानको बिरामीको कारण मृत्यू भयो त्यसपछि मलाई घरका सदस्यले कहिलै एक्लै बस्न दिएनन् । पहिला भन्दा पनि धेरै माया गर्ने गरेका छन् । बा नभए पनि आमा हुनुहुन्छ तपाईलाई जे समस्या भएपनि हामीलाई भन्नुहोला हामी तपाईको साथमा छौं भन्छन् ।*

शिक्षाले पनि विधवा महिलाहरुप्रति गर्ने व्यवाहारमा फरक पारेको देखिन्छ । अशिक्षित परिवारका विधवा महिलाहरुलाई उनीहरुको परिवारका सदस्यहरुले गर्ने व्यवहार नकारात्मक रहेको छ  तर, शिक्षित परिवारका सदस्यहरुले भने विधवा भएपछि विभिन्न साथ सहयोग गर्ने र हौसला दिने गरेको बताए ।

### (ख) समाजको दृष्टिकोण तथा व्यवहार

हाम्रो समाज पितृसत्तात्मक समाज भएका कारण महिलाहरुलाई अगाडी बढ्नको लागि रोक लगाएको पाइन्छ । समाजमा हुने विभिन्न कार्यहरुमा विधवा महिलाहरुलाई कस्तो व्यवहार हुने गरेको छ भन्ने कुरा बुझ्न आवश्यक छ ।  धार्मिक कार्यमा  प्रतिबन्ध गरिएको बताउने एकजना महिलाको भनाई अनुसारः

*श्रीमान छदाँ लच्छिनकी बुहारी जब श्रीमानको मृत्यू भयो अनि अलच्छिनी भएकी छु । सामान्य मेलापातमा त्यस्तो धेरै बञ्चित छैन् तर धार्मिक कार्यमा भने रोक लाउने गरिन्छ । एकदिन छिमेकमा विवाहको काम भएर काम सघाउन जानुपर्‍यो भनेर गएकी थिए । टपरी लाउन पर्ने भएर टपरी लाउन थालेको मात्र थिए तब एकजना बहिनीले विधवालाई किन शूभ साईतको  टपरी लाउन दिएको अरुलाई नै लगाउन लाउनु भनेर रोक*

*लाउनु भयो ।* आफ्नो छोराछोरी नभएको बताउने एकजना महिलाको भनाई अनुसार *मेरा छोराछोरी छैनन् अनि श्रीमानको पनि मृत्यू भयो यसले गर्दा समाजले विभिन्न अपशब्द प्रयोग गर्ने गरेको छ । म आफ्नो कामका पनि स्वतन्त्र रुपमा हिड्न पाएकी छैन् । एकदिन बाटोमा हिडिरहेकी थिए एकजना दाईले यो अपुत्री, सिंगारुले मेरो साईत बिगारी भनेर के कामको लागि बाहिर निस्कनु भएको पनि घर फर्कनु भयो ।*

नेपाली समाज एकदमै पुरातन परम्परागत रुढीवादी सोचले ग्रसित समाज हो । श्रीमतीको देहान्त हुँदा श्रीमानलाई केहि नभन्ने नेपाली समाजमा श्रीमानको देहान्त भएपछि श्रीमतीलाई विभिन्न अपशब्द प्रयोग गर्ने गरेको देखिन्छ भने विभिन्न मानशिक तथा शारीरिक यातना पनि दिने गरेको पाइन्छ ।

विधवा महिलाहरुलाई समाजले गर्ने व्यवहार नकारात्मक रहेको देखिन्छ । विशेष त धार्मिक कार्यमा प्रतिवन्ध रहेको छ । विधवा महिलाहरुमा पनि सन्तान हुनेलाई भन्दा सन्तान नहुने विधवा महिलाहरुलाई विभिन्न यातनाहरु हुने गरेको छ । जति नै परिवर्तनका कुरा गरेतापनि अधययन क्षेत्रका विधवा महिलाहरुप्रति समाजको दृष्टिकाण तथा व्यवहार भने परिवर्तन हुन सकेको देखिएन् ।

# अध्याय : पाँच

# सारांश र निष्कर्ष

## ५.१ अध्ययनको सारांश

यस अध्ययनको मूख्य उद्देश्य विधवा महिलाहरुले भोग्नु परेको सामाजिक, आर्थिक एवं पारिवारिक समस्या पत्ता लगाउनु र समाज तथा परिवारप्रति उनीहरुको सम्बन्धको बारेमा व्याख्या तथा विश्लेषण गर्नु रहेको छ । अध्ययको क्रममा सबै क्षेत्रलाई समेट्न नसक्ने भएका कारण यस अध्ययनमा गोरखा जिल्ला अजिरकोट गाँउपालिका वाड. नं. ०५ मा रहेका ५० जना विधवा महिलाहरु मध्य उद्देश्यपूर्ण नमूना छनोटबाट २० जना विधवा महिलाहरुलाई उत्तरदाताको रुपमा लिइएको छ ।

अध्ययनका क्रममा उत्तरदाताहरुलाई प्रत्यक्ष भेटेर अन्तर्वाता तथा वैयक्तिक अध्ययन गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने विभिन्न विद्धानहरुका लेख, रचना, प्रकाशन, पुस्तक, पत्रपत्रिका आदिलाई समावेश गरी द्धित्तीय तथ्याङ्क संकलन गरिएको छ ।

ब्राह्मण क्षेत्री समूदायका विधवा महिलाहरु भन्दा जनजाति तथा दलित समूदायका विधवा महिलाहरु भेरै हदसम्म स्वतन्त्र रहेका छन् । श्रीमानको मृत्यूकै कारण हाम्रो समाजमा रहेका हरेक विधवा महिलाहरुको आफ्नो पहिचान बदलिएको छ । साथै उनीहरुले श्रीमानको मृत्यूपछि विभिन्न कठिनाईहरु भोग्न बाध्य भएका छन् ।

हरेक विधवा महिलाहरुलाई समाज तथा परिवारले विभिन्न धार्मिक तथा सास्ँकृतिक कार्यहरुमा प्रतिबन्ध लगाउदै आएको छ । विवाह, ब्रतबन्ध जस्ता शूभ कार्य हुँदा विधवा महिलाहरुलाई उक्त कार्यमा प्रयोग हुने सामग्री छुन तथा तयार गर्न, शूभ साईतको समयमा अगाडि देखिन नहुने भन्ने परम्परागत मान्यता रहेको कारण विधवा महिलाहरु त्यस्ता कार्यहरुमा वञ्चित देखिन्छन् ।

नेपाली समाज पूरुष प्रधान समाज भएको कारण समाजमा हुने विभिन्न कार्यहरुमा पूरुषहरुकै प्रधानता रहेको पाइन्छ । उत्तरदाताहरु मध्य ७० प्रतिशत विधवा महिलाहरु मात्र सामाजिक कार्यमा सहभागि हुने गरेको देखिन्छ तर, उनीहरुले आफ्ना कुराहरु स्वतन्त्र रुपमा प्रस्तुत गर्न पाएका छैनन् । उपयूक्त शिक्षाको अभावका कारण नै आफूहरु पछाडि पर्न

बाध्य भएको भन्ने भनाई विधवा महिलाहरुको रहेको छ भने केही शिक्षित महिलाहरु भने हामीहरुले पनि केही कुरा राख्न पाउनुपर्छ भनेर अगाडि बढ्ने गरेको बताएका छन् ।

श्रीमानको मृत्यूपछि घरमा काम गर्ने मानिस नहुँदा खेतला खोज्नु पर्ने भएको र आफूले भनेको समयमा खेतला नपाउने र सबैको सकिएपछि मात्र आफ्नो पालो आउने भएका कारण जग्गाजमिनबाट हुने उत्पादनमा कमि आएको बताए । अध्ययन क्षेत्रका महिलाहरु विभिन्न पेशामा संलग्न भएको पाइन्छ । यस क्षेत्रका प्राय विधवा महिलाहरुले कृषि, पशुपालन तथा ज्यालामजदुरी गर्ने गरेका छन् ।

जग्गाजमिनबाट हुने उत्पादनले वर्षभरी खान नपुग्ने र अन्य आम्दानीको स्रोत नभएका कारण धेरै जसो विधवा महिलाहरु ज्यालामजदुरी गर्न बाध्य भएको र दैनिक कामको भार पनि बढी भएको बताए । आफूहरु उपयूक्त शिक्षाबाट वञ्चित भएको कारण परिवार तथा बालबच्चा पाल्नको लागि ज्यालामजदुरी गर्न बाध्य भएको भन्ने धारणा उत्तरदाताहरुको रहेको छ ।

उत्तरदाताहरुको आम्दानी सिमित रहेको छ भने उनीहरुको खर्च असिमित रहेको देखिन्छ । उनीहरुले खर्चको व्यवस्थापन गर्नका लागि समूह, छरछिमेकि तथा आफन्तहरु सँग सापटि माग्ने गरेको देखिन्छ तर सापटि माग्न जाँदा छिमेकि तथा आफन्तबाट विभिन्न अपशब्दहरु सुन्न बाध्य भएका छन् । यस्तै समस्याका कारण केही महिलाहरुले आफूले देनिक गर्ने खर्चबाट केही भाग कटौती गरेर थोरै रकम भएपनि बचत एवं लगानी गर्न थालेको बताए । जो महिलाहरु शारीरिक रुपमा कम्जोर छन् उनीहरुले भने यस्ता समस्याहरु धेरै भोग्नु परेको देखिन्छ ।

अध्ययन क्षेत्रका केही विधवा महिलाहरुले विभिन्न पारिवारिक समस्या पनि भोग्न बाध्य भएका छन् । जब आफ्नो श्रीमानको मृत्यू हुन्छ तब उनीहरुले आफ्नै परिवारका सदस्यहरुबाट विभिन्न पीडा भोग्न बाध्य भएका छन् । आर्थिक कारोबारका कारण परिवारमा झगडा हुने गरेको देखिन्छ ।

करिब ८५ प्रतिशत विधवा महिलाहरुको सम्पत्तिको स्वामित्व परिवारको सदस्यको नाममा रहेको देखिन्छ । श्रीमानको मृत्यूपछि आफ्नो सम्पत्ति छोराहरुको नाममा हस्तान्तरण गर्दा विधवा महिलाहरुले विभिन्न समस्याहरु भोग्न परेको छ भने कतिपय महिलाहरुले आफू

सधुवा हुँदा पनि विभिन्न समस्या भोग्न परेको बताए । जसका श्रीमानले जुवा तास तथा लागुऔषधको प्रयोग गर्ने गरेका थिए उनीहरुले विधवा हुनभन्दा अगाडि पनि विभिन्न समस्याहरु झेल्न परेको बताए ।

विधवा महिलाहरुको पारिवारिक समस्या छ कि छैन् भनि थाहा पाउन उनीहरुको छोराछोरी छन् कि छैनन् संगै बस्छन कि बस्दैनन् बिरामी हुँदा कस्ले हेरचाह गर्ने गरेका छन् भन्ने बारे पनि अध्ययन गरिएको छ ।

अध्ययन क्षेत्रका ६० प्रतिशत  महिलाहरुलाई विधवा  भएपछि परिवारले गर्ने व्यवहार नकारात्मक रहेको तथ्याङ्क प्राप्त भएको छ । जब आफ्नो श्रीमानको मृत्यू तब श्रीमानको मृत्यूको दोष आफूलाई नै लाउने गरेको बताए भने जुन परिवार शिक्षित छ त्यास्तो परिवारका महिलाहरुलाई परिवारका सदसयहरुले सकारात्मक व्यवहार गर्ने गरेका छन् ।

समाजले भने विधवा महिलाहरुप्रति गर्ने व्यवहार सधै नकारात्मक नै रहेको छ । मांगलिक कार्यमा पूर्ण रुपमा रोक छ । अझै जो विधवा महिलाका छोराछारी छैनन् उनीहरुलाई समाजले गर्ने व्यवहार ज्यादै निन्दनीय रहेको देखिन्छ । जति नै परिवर्तनका कुरा गरे तापनि अध्ययन क्षेत्रका विधवा महिलाहरुप्रति समाजले गर्ने व्यवहारमा परिवर्तन हुन सकेको छैन् ।

समग्रमा पहिलेको तुलनामा विधवा महिलाहरुका समस्याहरुमा केही मात्रामा परिवर्तन भएको पाइएको छ । सरकारी तथा गैरसरकारी सस्थाहरुले केही पहलहरु चालिरहेका छन् । मानव अधिकारका लागि महिला एकल महिला समूहकी अध्यक्ष लिली थापाले विधवा महिलाहरुको समस्या समाधान गर्नका लागि विभिन्न अभियान तथा कार्यक्रमहरु गर्दै आएको बताउनु भएको छ । तर पनि हाम्रो समाजमा रुढीवादी परम्परागत दृष्टिकोण तथा मान्यताले अझै जरा गाडिरहेको छ ।

## ५.२ निष्कर्ष

यस अध्ययनको मुख्य उद्देश्य ग्रामीण क्षेत्रमा बसोबास गर्ने विधवा महिलाहरुले भोग्नु परेका सामाजिक, आर्थिक तथा पारिवारिक समस्याको अध्ययन गर्नु र उक्त समस्याहरुलाई कसरी समाधान गरे, समाज एवं परिवारप्रति उनीहरुको  सम्बन्ध आदिको

खोजी गर्नु हो जसका लागि दुईवटा प्रश्नहरुको उठान गरी सूक्ष्म र पुर्वाग्रह रहित ढङ्गले विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

अजिरकोट गाँउपालिका वाड. नं. ०५ का विधवा महिलाहरुको सामाजिक, आर्थिक एवं पारिवारिक समस्या र सामाजिक सम्बन्धको बारेमा अध्ययन गर्दा उक्त क्षेत्रका विधवा महिलाहरुका अनुसार समाजमा अझै पनि उनीहरुलाई शूभ साईत तथा मांगलिक कार्यमा अगाडि आउनमा वञ्चित गर्ने गरेको देखिन्छ । शूभ साईतको बेला देखा पर्न नहुने खानपान तथा पहिरनमा बन्देज रहेको छ भने बोलिचालिमा पनि नियन्त्रण गर्ने गरेको पाइन्छ । कुनै परपुरुषसंग बोलेमा विभिन्न संकाको दृष्टिले हेर्ने र हेप्ने चलन छ । श्रीमानको मृत्यू पछि अचानक पर्न गएको जिम्मेवारी र आफू अशिक्षित भएकै कारण विभिन्न आर्थिक समस्याहरु भोग्न परेको देखिन्छ । परिवारको सम्पूर्ण जिम्मेवारी वहन गर्नुपर्ने वाध्यता विधवा महिलाहरुलाई भएको र समाज तथा परिवारबाट तिरस्कृत हुन परेका कारण कति विधवा महिलाहरु मानसिक रुपमा नै विक्षिप्त हुन पुगेका छन् ।

केही वर्ष अघिका विधवा महिलाहरुको जुन समस्या थियो त्यसमा पक्कै पनि केही राम्रा परिवर्तनहरु भएका छन् । नेपालमा सती प्रथाको अन्त्य भयो । केही विधवा महिलाहरुले रातो लाउन थालेका छन् । मानव अधिकारका लागि महिला एकल महिला समूहले रातो अभियान नै सञ्चालन गरेको छ । जसले गर्दा समाजमा विधवा हो भनेर चिन्न सकिदैन र उनीहरु केही मात्रामा भए पनि हिंसा हुनबाट जोगिन्छन् । नेपालको कुल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाहरुको सामाजिक, आर्थिक, तथा पारिवारिक अवस्था कम्जोर नै रहेको छ । त्यसमा पनि विधवा महिलाहरुको झनै नाजुक रहेको छ । विधवा महिलाहरुको सम्बन्धमा त्यति धेरै कानुन ऐन नियमहरु बनेका छैनन् भने बनेका कानुनलाई पनि उपेक्षित गरिएका छन् । किन कि आजको एकाइसौं शताब्दिको उत्तरार्धमा आएर पनि एउटी विधवा महिलाले विभिन्न कठिनाई सहेर जिउन बाध्य हुन परेको छ ।

विधवा महिलाहरुले भोग्नु परेका समस्या र सामाजिक सम्बन्धको बारेमा अध्ययन गर्दा अध्ययन क्षेत्रका विधवा महिलाहरुले विभिन्न समस्या भोग्नु परेको देखिन्छ । श्रीमानको मृत्यू पछि समाज तथा परिवारबाट दमन, विभेद, अपमानित साथै विभिन्न आरोपहरु सहन बाध्य भएका छन् भने धार्मिक कार्यहरुमा पनि प्रतिबन्ध लाउने गरेको देखिन्छ । मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिला माथिको

दमन, विभेद, असमानता जस्ता पक्षहरुलाई हटाउन सकिन्छ भन्ने तर्क प्रस्तुत गर्दछ । यसप्रकारको दमन तथा शोषण खास गरी पितृसत्ता र पूजीवादी संरचनाबाट भएको निष्कर्ष मार्क्सवादी महिलावादको रहेको छ ।

१९५० पछिका उदार महिलावादीहरुले सामाजिक आर्थिक तथा राजनैतिक सम्बन्धमा पुनरसंरचनाको आवश्यकता औल्याएका छन् । उन्नाइसैं शताब्दिका प्रख्यात महिलावादी हेरिट टेलर(Harriet Tylor)ले महिलाहरुलाई घरबाहिरका कार्य गर्न स्वतन्त्रता हुनु पर्दछ भन्ने विषयमा जोड दिई पेशा, शिक्षा जस्ता पक्षमा महिलाका लागि स्वतन्त्रता निकै आवश्यक वस्तु हो भन्ने वकालत गरेकी छिन् । तर अध्ययन क्षेत्रका विधवा महिलाहरु भने घर बाहिरको काममा स्वतन्त्र रुपमा सहभागि हुन पाएको देखिदैन । विद्यमान सामाजिक संरचनाले महिलालाई दोस्रो स्थान दिएको छ भने विधवा महिलालाई तेस्रो स्थानमा राखेको छ । यस क्षेत्रका विधवा महिलाहरु उपयुक्त शिक्षाबाट बञ्चित भएको देखिन्छ । उपयुक्त शिक्षा नपाएकै कारण आफूहरु स्वतन्त्र रुपमा हिड्न र चाहेको पेशामा संलग्न हुन नपाएको तर्क विधवा महिलाहरुको रहेको छ । समान पेशा गरे तापनि महिला पुरुषलाई दिइने ज्यालामा पनि भिन्नता रहेको छ । आर्थिक लाभ हुने क्षेत्रमा पुरुषको प्रधानता रहेको छ भने आर्थिक लाभ नहुने क्षेत्रमा मात्र विधवा महिलाहरुको सहभागिता रहेको देखिन्छ । महिला र पुरुष समान हुन् भनिए तापनि यस अध्ययन क्षेत्रका विधवा महिलाहरु पुरुष सरह स्वतन्त्र हुन सकेका छैनन् । पितृसत्तात्मक सोचका कारण अझै पनि विधवा महिलाहरुलाई धार्मिक तथा सास्ँकृतिक क्षेत्रमा बन्देज छ ।

समग्रमा, विभिन्न सिद्धान्तले महिला र पुरुष समान हुन भने पनि समाजमा हुने विभिन्न कार्यहरुमा महिला तथा विधवा महिलाहरु स्वतन्त्र हुन पाएको देखिदैन् । विधवा महिलाहरुको समस्या समाधान गर्नको लागि सरकारी तथा गैरसरकारी संघसस्थाहरुबाट विभिन्न पहल गर्न आवस्यक छ । अंश तथा पैतृक सम्पतिमा पनि पुरुषकै हैकम चल्ने गरेको छ । सम्पतिमा महिला र पुरुषको समान हक लागु भएमा पारिवारिक सम्बन्धको स्वरुपमा पनि परिवर्तन आउने देखिन्छ । अर्को तर्फ जब सम्म विधवा महिलाहरुलाई समाज तथा परिवारले गर्ने व्यवहारमा परिवर्तन आउदैन तब सम्म उनीहरुले विभिन्न समस्याहरु भोग्न बाध्य हुन्छन् ।

## सन्दर्भग्रन्थ सूची


आचार्य, बलराम (२०६७),*लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौं : नेश्नल बूक सेन्टर ।

एकल महिला समूह (२०६८), *सशक्तिकरण तर्कको यात्रा : मानव अधिकारका लागि महिला,* काठमाडौं ।

एकल महिला समूह, (२०७६), *रजत स्मारिका*

कार्की, अञ्जु (२०७५), *एकल महिला,* काठमाडौं : कान्तिपूर पब्लिकेसन्स (प्रा.लि) ।

केन्द्रिय तथ्याङ्क विभाग, (२०६८), *तथ्याङ्क गतिविधि,* काठमाडौं : केन्द्रिय तथ्याङ्क विभाग ।

घिमिरे, देविमायाँ (२०६६), लैङ्गिक समानता, महिला सशक्तिकरण तथा समावेशीकरणको अवधारणा र नेपालको सन्दर्भ, *सोपान मासिक* काठमाडौं ।

चर्तुवेदी, पण्डित ज्वालाप्रसाद. (१९९६). *मनुस्मृति,* हरिद्वार : रणधिर प्रकाशन ।

थापा, लिली (२०६९),*एकल महिला सँगको सहयात्राको अनुभूति,* काठमाडौं : मानव अधिकारका लागि महिला, एकल महिला समूह ।

थापा, लिली (२०६२),*एकल महिला सँगको सहयात्राको अनुभूति,* काठमाडौं : नेपाल टाइम्स

पोखरेल, नानीराम र अन्य (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

पाण्डे, विष्णुमायाँ (२०६६) अपमानले मलाई संघर्षशील बनायो, *अस्तित्व त्रैमासिक,* काठमाडौं : एकल महिला सञ्जाल समूह ।

मिश्र, चैतन्य (२०१०), *बदलिदो नेपाली समाज,* राजेन्द्र महर्जन (सम्पादन), काठमाडौंः फाइनप्रिन्ट ।

राष्ट्रिय योजना आयोग, (२०६७/६८-२०६९/७०) त्रिवर्षीय योजना ।

रिजाल, सुशीलकुमार (२०६०) *नेपाली समाजका विधवा महिलाहरु,* समाजशास्त्र विषयको स्नात्तकोत्तर उपाधिको आंशिक आवश्यकता परिपुर्तिको निम्ति तयार पारिएको शोधपत्र, पाटन संयुक्त क्याम्पस ललितपुर ।

रेग्मी, निर्मला ( २०६३ ), *रातो पहिरनले बढाएको आत्मविश्वास,* अस्तित्व त्रैमासिक, एकल महिला सञ्जाल समूह : काठमाडौं ।

वाग्ले, तारा (२०६६), *लैङ्गिक उत्तरदायी बजेट,* गोरखापत्र दैनिक, काठमाडौं ।

शर्मा, शिव (२०६६), *आत्म निर्भर बन्दै एकल महिला,* कान्तिपुर दैनिक काठमाण्डौ ।

श्रेष्ठ, कान्ति (२०६३), *एकल (विधवा) महिलाको विकासको लागि दक्षिण एशियाली सशक्तिकरण सञ्जाल ( SANWED ) को भूमिका,* अस्तित्व त्रैमासिक, काठमाडौं: एकल महिला सञ्जाल समूह ।

श्रेष्ठ, केशवकुमार (२०६०) *लैङ्गिक अध्ययन,* ऐकेडेमिक बुक सेन्टर किर्तिपूर ।
श्रेष्ठ, केशवकुमार (२०६०) *लैङ्गिक अध्ययन,* ऐकेडेमिक बुक सेन्टर किर्तिपूर ।

Acharya M. and L. Bennelt (1981).*The Status of Women in Nepal*.Vol.ii, Part 9 CDEA.

Agarwal, Bina. (1998). *A Field of once's Own: Gender and land right in South Asia*. New Delhi: Cambridge University Press.

Anderson, M. L. and Tayler, H.F. (2009). *Sociology the essentials, Belmont* CA:Thomson Wadsworth.

Baker Therese L. (1994). *Doing Social Research,* Second Edition, New Delhi: McGraw Inc.

Bennett, Lynn. (1983). *Dangerous Wife and Sacred Sister: Social and Symbolic roles of High Caste Women in Nepal*, Columbia: Colambia University Press.

Bhasin , Kamala - 1993 _, *What is Patriarchy* ?, Kali For Women , New Delhi .

Bhattari, Arjun Kumar. (2014).*How Rural Women Experiences Disempowered in Nepal : An Empirical Study on Women Experience as the main Obstacles tp their Disempowerment in Their Everyday Lives*. Universities Nordland.

Dhungana, Raj Kumar (2014). Nepali Hindu Women's Thorny Path to Liberation.*Journal of Education and Research,* vol. 4, pp 39-57.

Gayle, Letherby. (2018).*Feminist Research in Theory and Practice*, New Delhi: Tata McGraw Hill.

Khatiwada, Ganga. (2020). *Respect for Singal Women*. Available at https:// ekantipur.com/opinion/2020/06/23/159288587540386789.html.

Lienert Juri and Paul Burger. (2015). 'Marging capabilities and livelihoods analyzing the use of biological resources to improvwell-being.' *Ecology and Society*, Vol. 20, No. 2. Resilience Alliance Inc.

Millet, Kate. (1969). *Sexual Politics*, USA: Granada Publishing.

Ritzer, G. (1922).*Sociological Theory*, third edition, McGraw Hill INC.

Ritzer, G. and Goodman, D.J (2004), *Sociological Theory*( Sixthed). Columbia University Mcgraw Hill.

Ritzer, G. and Goodman, D.J. (2004).*Sociological Theory* (sixth ed.) Columbia University Megraw Hill.

Sen, A. (1999). *Development  as Freedom*. New York: Alfred A. Knopf.

## अनुसूची

## शोध तयार गर्नका लागि प्रयोग गरिएको प्रश्नावली

उत्तरदाताको परिचय

नाम, थर : ............................................................ उमेर .......................

ठेगाना : ................................................................ धर्म,.........................

जातजातिः ............................................................... पेशा ............................

विवाह हुँदाको उमेर : ...................................शैक्षिक योग्यता : .........................

श्रीमान्को शैक्षिक योग्यता : ......................................... परिवार संख्या : ..........

विधवा हुँदाको उमेर : ..........................................................................

### सामाजिक समस्या

क) तपाइँको परिवार र छरछिमेकको सम्बन्ध कस्तो छ?

.............................................................................................................

ख) तपाइँलाई छरछिमेकमा विवाह, ब्रतबन्ध हुँदा बोलाउँछन कि बोलाउँदैनन् ?

.............................................................................................................

ग) तपाइँको घरमा विवाह, ब्रतबन्ध हुँदा छरछिमेरकलाई बोलाउनु हुन्छ कि हुँदैन ?

.............................................................................................................

घ) तपाइँलाई छरछिमेकमा पूजा आजा हुँदा बोलाउँछन कि बोलाउँदैनन ?

.............................................................................................................

ङ) तपाइँको घरमा पूजा आजा हुँदा छरछिमेकिलाई बोलाउनु हुन्छ कि हुँदैन ?

.............................................................................................................

च) तपाइँलाई सामाजिक बैठक हुँदा बोलाउँछन कि बोलाउँदैनन् ?

.............................................................................................................

छ) तपाइँ विकास निर्माण कार्यमा कत्तिको सहभागि हुनुहुन्छ ?

.............................................................................................................

ज) तपाइँ सहभागि भएमा कस्तो प्रतिक्रिया दिन्छन् ?

.............................................................................................................

झ) तपाइँले आफ्नो समस्या राख्दा सुन्छन कि सुन्दैनन् ?

.............................................................................................................

## आर्थिक समस्या

### जग्गा जमिन

क) जग्गा जमिन छ छैन ?

..............................................................................................................

ख) उत्पादन हुन्छ कि हुँदैन ?

..............................................................................................................

ग) सो उत्पादनले खान पुग्छ कि पुग्दैन ?

..............................................................................................................

घ) खाना नपुगे कसरी व्यवस्थापन गर्नुहुन्छ ?

..............................................................................................................

### पेशा

ङ) के काम गर्नुहुन्छ ?

..............................................................................................................

च) सो कामबाट आम्दानी हुन्छ कि हुँदैन ?

..............................................................................................................

छ) आम्दानी कति हुन्छ ?

..............................................................................................................

ज) दैनिक कति (घण्टा) समयसम्म काम गर्नुहुन्छ ?

..............................................................................................................

झ) काम सजिलो गाह्रो दुवै खालको गर्नुभयो ?

..............................................................................................................

### आम्दानी

ञ) के के बाट आम्दानी हुन्छ ?

..............................................................................................................

ट) कति आम्दानी हुन्छ ?

..............................................................................................................

ठ) कति खर्च हुन्छ ?

..............................................................................................................

ड) कति वचत हुन्छ ?

...........................................................................................................

**खर्च**

ण) के के मा खर्च हुन्छ ?

...........................................................................................................

त) खर्च गर्न आम्दानीबाट पुग्छ कि पुग्दैन ?

...........................................................................................................

थ) खर्च नपुगे कसरी व्यवस्थापन गर्नुहुन्छ ?

...........................................................................................................

द) छिमेकीले ऋण दिन्छन कि दिँदैनन् ?

...........................................................................................................

ध) ऋण नदिएको अवस्थामा के गर्नुहुन्छ ?

...........................................................................................................

**पारिवारिक सम्बन्ध**

क) छोरा, छोरी, बुहारी छन् छैनन ?

...........................................................................................................

ख) छोरा छोरी बुहारी सँगै बस्छन कि बस्दैनन् ?

...........................................................................................................

ग) कसले खान दिन्छ ?

...........................................................................................................

घ) खान लगाउन मन लागेको कुरा पाउनु भएको छ कि छैन ?

...........................................................................................................

ङ) आवश्यक पर्दा खर्च कहाँबाट उपलब्ध हुन्छ ?

...........................................................................................................

च) परिवारमा झै-झगडा हुन्छ कि हुँदैन ?

...........................................................................................................

छ) के कारणले झगडा हुन्छ ?

...........................................................................................................

ज) झगडा व्यवस्थापन कसरी गर्नुहुन्छ? झगडा मिलाउन परिवारमा कसले सहयोग गर्दछ?

.........................................................................................................................

झ) तपाइँ बिरामी हुँदा कसले हेरचाह गर्छन् ?

.........................................................................................................................

ञ) श्रीमान् सँगै हुँदा र अहिले परिवारले गर्ने व्यवहारमा फरक छ कि छैन ?

.........................................................................................................................

ट) आफन्तहरुकोमा जाँदा केही भन्छन कि भन्दैनन् ?

.........................................................................................................................

ठ) घरको शुभकार्यमा परिवार सँगै बसेर पूजा गर्न दिन्छन कि दिँदैनन् ?

.........................................................................................................................

**समाज एवम् परिवारप्रति उनीहरुको सम्बन्ध**

क) तपाइँलाई छरछिमेकिले के के कामका लागि बोलाउँछन् ?

.........................................................................................................................

ख) तपाइँलाई छरछिमेकिले के के काममा सहकार्य गर्दछन् ?

.........................................................................................................................

ग) छरछिमेकिमा श्रम आदान प्रदान हुन्छ कि हुँदैन ?

.........................................................................................................................

घ) तपाइँलाई छरछिमेकि कसैले गालि गरेको सुन्न भएको छ कि छैन ?

.........................................................................................................................

ङ) तपाइँलाई अप्ठ्यारोमा पर्दा कसले मद्दत गर्नुहुन्छ ?

.........................................................................................................................

**जानकार व्यक्तिहरुका लागि सोधिएको प्रस्न**

क) तपाइँको बिचारमा कस्ता महिलालाई विधवा महिला भनिन्छ ?

.........................................................................................................................

ख) धार्मिक कार्यहरुमा विधवा महिलाहरुको सहभागिता कस्तो पाउनु भएको छ ?

.........................................................................................................................

ग) के समाजमा विधवा  महिलाहरुले पनि अन्य महिला सरह हिँडन् खान लाउन, बस्न पाएका छन् ?

.........................................................................................................

घ) विधवा महिलाले परिवारदेखि समाजम्म भोगेका समस्याहरुको मुख्य कारण के होला ?

.........................................................................................................

ङ) विभिन्न सभा, समारोह, वैठक हुँदा विधवा महिलाहरुको सहभागिता कस्तो पाउनु भएको छ ?

.........................................................................................................

च) सभा, समारोह बैठकमा विधवा महिलाहरुले उठाएका समस्याहरुलाई सुन्ने काम हुन्छ कि हुँदैन ?

.........................................................................................................

छ) विधवा महिलालाई हेर्ने दृष्टिकोणमा पहिले र अहिले भिन्नता पाउनु भएको छ ?

..................... छ भने कस्तो पाउनु भएको छ ?

ज) विधवा महिलाहरुको समस्या समाधान गर्न समाजमा के कस्ता पहलहरु भएका छन् ?

.........................................................................................................

झ) विधवा महिलाहरुलाई सामाजिक आर्थिक रुपमा अगाडि बढाउन के गर्नुपर्ला ?

.........................................................................................................